# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १८५ | काठमाडौं | मंगलबार, १४ कात्तिक २०८० | Prabhab National Daily | Tuesday, October 31, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं**

**कसैले पनि स्वास्थ्य उपचारको विषयलाई लिएर,**

- स्वास्थ्य संस्थामा आगजनी गर्नु,
- स्वास्थ्य संस्थामा तोडफोड वा हानि नोक्सानी पुऱ्याउनु,
- स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्नु तथा चोट पुऱ्याउनु, धम्की दिनु, लागी-गलौज गर्नु वा अभद्र व्यवहार गर्नु,
- स्वास्थ्य संस्थामा तालाबन्दी गर्नु वा घेराऊ गर्नु,
- स्वास्थ्य संस्थाले प्रदान गर्ने उपचार सेवामा बाधा पुऱ्याउनु,

यस्ता कार्यहरू कानुनबमोजिम दण्डनीय भएकोले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं, असल नागरिकको कर्तव्य निर्वाह गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


संघ र प्रदेशबीच अधिकारको लडाइँ

# उपत्यका पनि बागमतीले हेर्न पाउनुपर्ने दाबी

- संघीय सरकारले सार्वजनिक यातायात व्यवस्थापनसम्बन्धी प्रदेशको अधिकारमा हस्तक्षेप गरेको बागमती प्रदेश सरकारको ठहर
- काठमाडौं उपत्यकाका तीन जिल्लालाई बागमती प्रदेशबाट अलग गर्ने संघीय सरकारको कदमविरूद्ध सर्वोच्चमा रिट निवेदन दर्ता
- प्रदेशभित्र यातायातसम्बन्धी व्यवस्थापनको संविधानप्रदत्त अधिकारमा संघले हस्तक्षेप गर्न खोजेपछि सर्वोच्च पुगेको श्रम, रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्सालको भनाइ
- अहिले बागमतीमा माओवादी केन्द्रका नेता शालिकराम जम्कट्टेल मुख्यमन्त्री छन् भने संघमा माओवादी केन्द्रकै अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री छन्

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुक संघीय संरचनामा गएको आठ वर्ष बितिसक्यो । तर, संघीयताको मुख्य खम्बा मानिएको प्रदेशले संविधान र संघीयताको मर्मअनुसार अधिकार नपाएका भन्दै गुनासो गर्दै आएको छ । संघीय सरकारले अधिकार हस्तान्तरणमा आलटाल गर्दा प्रदेश सरकार रुष्ट बन्दै आएका छन् ।

अघिल्लो निर्वाचनपछि यस विषयमा सबैभन्दा आक्रामक



**लक्ष्मण लम्साल**
**श्रम, रोजगार तथा यातायातमन्त्री**

बनेको थियो मधेस प्रदेश । मधेस प्रदेशले विभिन्न पाँच विषयमा संघीय सरकारविरुद्ध मुद्दा दायर गरेको थियो । त्यतिबेला मधेसमा जनता समाजवादी पार्टी (जसपा) का लालबाबु राउत मुख्यमन्त्री थिए भने संघमा तत्कालीन नेकपाका अध्यक्ष केपी शर्मा ओली । दुई फरक पार्टीको सरकार भएकोले उक्त टसललाई सामान्य रूपमा हेरिएको थियो ।

यसपटक बागमती प्रदेश सरकारले पनि मधेसको सिको गर्दै संघीय सरकारविरुद्ध सर्वोच्चमा मुद्दा दायर गरेको छ । बागमती प्रदेश सरकारका तर्फबाट श्रम, रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्सालले आइतबार संघीय सरकारविरुद्ध सर्वोच्च अदालतमा रिट दर्ता गराएका हुन् । प्रदेश सरकारको अधिकार हस्तक्षेप गरेको भन्दै बागमती प्रदेशले संघविरुद्ध रिट हालेको हो । बागमतीले संघीय सरकारको सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ विरुद्ध रिट निवेदन दिएको हो । श्रममन्त्री लम्साल एकीकृत समाजवादी पार्टीका हुन् । यद्यपि, यहाँ प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको पार्टी नेकपा माओवादी केन्द्रकै शालिकराम जम्कट्टेलको मुख्यमन्त्री छन् । संघीय सरकारले सार्वजनिक यातायात व्यवस्थापनसम्बन्धी प्रदेशको अधिकारमा हस्तक्षेप गरेको भन्दै बागमतीको मन्त्रिपरिषद् बैठकले नै सर्वोच्च अदालतमा बागमती प्रदेशका तर्फबाट रिट निवेदन दर्ता गर्ने निर्णय गरेको थियो ।

सोही निर्णयअनुसार रिट दर्ता गरिएको श्रममन्त्री लम्सालले बताए । रिटमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय संसद् सचिवालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण, संघीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत कुवेर नेपालीलाई विपक्षी बनाएर रिट दायर गरिएको छ ।

प्रदेश सरकारले प्रदेशभित्र यातायातसम्बन्धी व्यवस्थापनको संविधानप्रदत्त अधिकार पाएकोमा काठमाडौं उपत्यकाका तीन जिल्लालाई बागमती प्रदेशबाट झिकी, अलग गर्न खोजेपछि बागमती प्रदेश सरकार सर्वोच्च अदालत पुगेको श्रम, रोजगार तथा यातायातमन्त्री लम्सालले बताए ।

(बाँकी पृष्ठ २ मा)

कोशीमा राजनीतिक दाउपेच

# चेपुवामा मुख्यमन्त्री कार्की

■ जेबी योञ्जन


**काठमाडौं–** सत्ता गठबन्धन र प्रमुख विपक्षी दल नेकपा एमालेको राजनीतिक दाउपेचको केन्द्र बनेको कोशी प्रदेशमा मन्त्रिपरिषद्लाई पूर्णता दिने कार्य चुनौतीपूर्ण भएको छ । मुख्यमन्त्री केदार कार्कीले दसैंअघि नै मन्त्रिपरिषद्ले पूर्णता पाउने बताएका थिए । तर, अझैसम्म उनले मन्त्रिपरिषद्लाई पूर्णता दिन सकेका छैनन् ।

मुख्यमन्त्री कार्की सहमतीय सरकार गठन गर्नुपर्ने पक्षमा छन् । आफूलाई विश्वासको मत दिने एमालेसहित गठबन्धन दलहरूलाई सरकारमा समावेश गर्दा मध्यावधि निर्वाचनको संकट टर्ने उनको तर्क छ ।

उनीपक्षीय नेतासमेत रहेका कांग्रेस मन्त्री शमशेर राईले सहमतीय सरकार कोशीको विशिष्टतामा औचित्यपूर्ण पनि रहेको बताए । यसकै लागि मुख्यमन्त्री कार्कीले एमाले नेताहरूसँग सोमबार छलफल गरेको जानकारी दिए । तर, छलफल निष्कर्षविहीन भयो ।

'अघिल्ला मुख्यमन्त्री हिक्मत कार्कीले पनि सहमतीय सरकार आवश्यक छ भन्नुभएको थियो । कोशीको विशिष्ट परिस्थिति छ । यसले गर्दा एमालेसहितको सहमतीय सरकार ठीक हुन्छ,' उनले प्रभावसँग भने, 'यसकै लागि सोमबार पनि छलफल भयो तर मन्त्रिपरिषद्लाई पूर्णता दिनेबारे निष्कर्ष निस्केन ।'

बैठकमा मुख्यमन्त्री कार्की, मन्त्री राई, एमाले संसदीय दलका उपनेता तथा मन्त्री राम राना, एमालेकै सचेतक रेवतीरमण भण्डारीलगायतका नेताहरू थिए । कार्कीले एमालेबाहेकको सरकार गठन गर्नुपर्ने दबाब गठबन्धनका दलहरूबाट आएको बताएका थिए । तर, आफू एमालेसहितको सहमतीय सरकारकै अडानमा रहेको एमाले मन्त्री



- एमाले-कांग्रेसबीच सत्ता सहकार्यको पक्षमा एमाले
- गठबन्धनको एकल सरकार बनाउने प्रयास
- मुख्यमन्त्री कार्की एमालेसहितको सहमतीय सरकारको पक्षमा
- एमाले र गठबन्धनको चेपुवामा मुख्यमन्त्री
- मन्त्रिपरिषद्लाई पूर्णता दिन ढिलाइ

राना र भण्डारीसँग भनेका थिए । जवाफमा सरकारबाट एमालेलाई हटाए सरकारलाई दिएको समर्थन फिर्ता लिने राना र भण्डारीको चेतावनी थियो ।

'एमाले नभएको बेलामात्रै सरकारमा समावेश हुने केही पार्टीको कुरा आयो भन्नुभयो मुख्यमन्त्रीले । अब एमालेलाई छाडिदियो भने मुख्यमन्त्रीको टेक्ने ठाउँ रहला त ? रहँदैन । यही भन्यौं उहाँलाई,' मन्त्री रानाले भने, 'तर, सरकारमा एमालेलाई राख्ने नराख्ने उहाँकै तजविजको कुरा रहयो ।' हाल कार्की नेतृत्वको सरकारमा एमाले सहभागी छ । गठबन्धनका दलहरू माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) सहभागी छैनन् । कार्कीकै दल कांग्रेसको संस्थापन पक्षबाट पनि सरकारमा प्रतिनिधित्व छैन ।

एमालेले भने कोशी सरकारमा एमाले-कांग्रेसबीच मात्रै सहकार्यको प्रस्ताव अघि सार्दै आएको छ । सोमबारको बैठकमा पनि एमाले मन्त्री राना र भण्डारीले यही प्रस्ताव अघि सारेको कांग्रेस मन्त्री राईले बताए । 'एमाले र कांग्रेस मिल्दा सरकार बनिहाल्छ । सरकार गठनका लागि अंकगणित अनुकूल छ । अरु दललाई समावेश नगरौं,' राना र भण्डारीको भनाइ उद्धृत गर्दै मन्त्री राईले भने, 'तर, यसमा हामी सहमत भएनौं । भोलि (मंगलबार) पनि बैठक बस्छौं ।'

एमालेले एकातिर एमाले-कांग्रेसको सरकार गठनमा अडान लिँदा अर्कातिर गठबन्धन दलहरूले भने गठबन्धनको एकल सरकारका लागि दबाब दिइरहेका छन् । एमालेलाई सरकारबाट हटाउन मुख्यमन्त्रीलाई भन्दै आएको माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले बताए । 'एमालेले अघि सारेकै आधारमा मुख्यमन्त्री भएकाले एमालेविनाको सरकार असम्भव छ भन्ने मुख्यमन्त्रीलाई लागेको होला तर केन्द्रमा गठबन्धनको सरकार छ । यहाँ पनि गठबन्धनकै सरकार बनाऔं भन्नेमा गठबन्धन दलहरू एकमत छन् । यही कुरा मुख्यमन्त्रीलाई भनेका छौं,' आङ्बोले भने ।

यसरी गठबन्धन दलहरू र एमालेको सत्ता सहकार्यसम्बन्धी भिन्नभिन्न अडानले मुख्यमन्त्री कार्की अलमलमा परेका छन् । जसले गर्दा विश्वासको मत लिएको हप्ता दिन नाघ्दासम्म उनी नेतृत्वको मन्त्रिपरिषद् अपूर्ण छ ।

उनी गत २७ असोजमा एमालेका ३९ र कांग्रेसको डा. शेखर कोइराला समूहका आठ जना सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए । (बाँकी पृष्ठ २ मा)



अघिल्ला मुख्यमन्त्री हिक्मत कार्कीले पनि सहमतीय सरकार आवश्यक छ भन्नुभएको थियो । कोशीको विशिष्ट परिस्थिति छ । यसले गर्दा एमालेसहितको सहमतीय सरकार ठीक हुन्छ ।

■ **शमशेर राई**
कांग्रेस मन्त्री



एमाले नभएको बेलामात्रै सरकारमा समावेश हुने केही पार्टीको कुरा आयो भन्नुभयो मुख्यमन्त्रीले । अब एमालेलाई छाडिदियो भने मुख्यमन्त्रीको टेक्ने ठाउँ रहला त ?

■ **राम राना**
एमाले मन्त्री

सन्दर्भ : वैदेशिक रोजगार

श्रममन्त्रीलाई एनआरएनएको ज्ञापनपत्र

# श्रमिकका समस्या सम्बोधन गर्न माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** मध्यपूर्वलगायत विभिन्न मुलुकमा कार्यरत नेपाली श्रमिकहरूको समस्या हल गर्न माग गर्दै गैरआवासीय नेपाली संघ (एनआरएनए)को प्रतिनिधिमण्डलले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीलाई ज्ञापनपत्र बुझाएको छ । सोमबार एनआरएनएका अध्यक्ष आरके शर्मा नेतृत्वको प्रतिनिधिमण्डलले वैदेशिक रोजगारीका लागि विदेसिएका नेपालीहरूले भोग्नुपरेको समस्याको समाधानका लागि मन्त्री भण्डारीलाई सोमबार निवासमै पुगेर ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापनपत्रमा वैदेशिक रोजगारीमा जाने क्रम नरोकिएको र विभिन्न अध्ययनअनुसार अबका १० वर्ष यही वैदेशिक रोजगारीमा जाने क्रमले नै निरन्तरता पाउने उल्लेख गरिएको छ । वैदेशिक रोजगारीका क्रममा भविष्यमा आउनसक्ने समस्यालाई सम्बोधन गर्न नेपाल सरकारको नेतृत्वमा मध्यपूर्व संयोजक राजेन्द्र अर्याल (जोन) र युरोप संयोजक चिन्तामणि सापकोटालाई एनसिसी प्रतिनिधि सदस्य तथा त्यहाँ रहेका वैचारिक संस्थाका प्रतिनिधि संलग्न भएको समिति गठन गर्न माग गरिएको छ ।

वैदेशिक रोजगार विभागबाट भइरहेको अनलाइन सेवा प्रभावकारी नदेखिएको संकेत गर्दै वैदेशिक रोजगारमा रहेका श्रमिकहरूको सहजताका लागि



अनलाइनबाट श्रम स्वीकृति सहज बनाउनुपर्नेसमेत ज्ञापनपत्रमा उल्लेख गरिएको छ । त्यस्तै सामाजिक सुरक्षा कोषमा वैदेशिक रोजगारीमा जाने श्रमिकको बिमा गर्नुपर्ने अनिवार्य व्यवस्थालाई एकद्वार प्रणाली अपनाउन पनि सुझाइएको छ । यसैगरी वैदेशिक रोजगारीमा रहेका श्रमिकको सामाजिक सुरक्षा कोषमा आकर्षण बढाउन समयअनुकूल नीति परिमार्जन तथा कोष सञ्चालक समितिमा एनआरएनएबाट एक जनालाई प्रतिनिधित्व गर्न दिनुपर्ने माग गरिएको छ ।

एकीकृत सामाजिक सूचना प्रणाली विकास गर्नुपर्नेमा जोड दिँदै वैदेशिक रोजगारलाई सम्मानित र मर्यादित बनाउने काममा एनआरएनए नेपाल सरकारसँग सधैं सहकार्य गर्न तयार रहेको उल्लेख गर्दै अहिले देखिएका समस्या हल गर्न मन्त्री भण्डारीको ध्यानाकर्षण गराइएको अध्यक्ष शर्माले बताए । घरेलु महिला कामदारको सुरक्षा, न्यूनतम पारिश्रमिक तथा रोजगारीको सुनिश्चितता हुनेगरी गन्तव्य मुलुकसँग सम्झौता गर्नुपर्ने र इराक पुगेका थुप्रै नेपालीको पासपोर्ट नवीकरण नहुँदा स्वदेश फर्किन नपाएको विषयमा सहजीकरण गरिदिन पनि माग गरिएको उनले जानकारी दिए ।

ज्ञापनपत्र बुझ्दै मन्त्री भण्डारीले मध्यपूर्वलगायतका विभिन्न मुलुकमा देखिएका श्रमिकसँग सम्बन्धित समस्या हल गर्न सरकार गम्भीर रहेको प्रतिक्रिया दिएको शर्माले बताए । मन्त्री भण्डारीले सामाजिक सुरक्षा कोषमा बिमा गर्नुपर्ने अनिवार्य व्यवस्थालाई एकद्वार नीतिबाट गर्ने सम्बन्धमा प्रयासरत रहेको बताए । शर्माका अनुसार मन्त्री भण्डारीले श्रमिकका पक्षमा हुनेगरी विभिन्न नीति निर्माणमा पनि गृहकार्य भइरहेको बताए ।

(बाँकी पृष्ठ २ मा)

## युएईस्थित नेपाली दूतावासको कार्यसम्पादन

काठमाडौं (प्रस)- संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली राजदूतावासले असोज महिनाको कार्यसम्पादन विवरण सार्वजनिक गरेको छ । दूतावासले २०८० असोज महिनामा सम्पादन भएका प्रमुख सेवाहरूको तथ्यांकीय विवरण सार्वजनिक गरेको हो ।

नेपालीहरूको प्रमुख श्रम गन्तव्यमध्येको एक युएईमा रहेको दूतावासले आफूले गरेका प्रमुख कार्य सम्पदानहरूको विवरण महिनैपिच्छे सार्वजनिक गर्दै आइरहेको छ । दूतावासले नेपालीहरूको समस्या समाधान तथा सहजीकरणमा गरेको कार्यसम्पादन तथा प्रगति विवरणमा असोजमा दुई हजार ९५५ पासपोर्ट नवीकरणका लागि संकलन भएको उल्लेख गरिएको छ । यस्तै तीन हजार ७३४ वटा पासपोर्ट नवीकरणपश्चात् वितरण गरिएको जानकारी दिइएको छ ।

सो अवधिमा ९४ जनालाई भिसा प्रदान गरिएको, १२६ जनाको ट्राभल डकुमेन्ट बनाइएको विवरणमा उल्लेख छ । यसैगरी १६५ जनाको कागजात प्रामाणीकरण गरिएको छ । साथै, रोजगारीका लागि संस्थागत रूपमा आएका १६० वटा मागपत्र प्रमाणीकरण भएको तथा १३७ वटा समूहगत भिसा प्रमाणीकरण गरेको दूतावासले जनाएको छ । असोज महिनामा विभिन्न कारणले युएईमा मृत्यु भएका नेपालीहरूका १३ वटा शव व्यवस्थापन भएको उल्लेख गरेको छ ।

यस्तै विभिन्न माध्यमबाट आएका ६१६ वटा गुनासा तथा उजुरीहरूको सम्बोधन गर्दै असोजमा श्रमिकहरूलाई क्षतिपूर्ति र इन्स्योरेन्सबापत एक लाख ४३ हजार ५५७ दिराम अर्थात् झण्डै ५२ लाख दुई हजार रूपैयाँ खर्च भएको दूतावासले विवरणमा समेटेको छ ।

# संयुक्त सदनलाई सम्बोधन गर्दै गुटेरेस



- सोलुखुम्बुको खुम्बु पुगेका महासचिव गुटेरेस सोमबारै पोखरामा
- आज एबिसी क्याम्प, लुम्बिनीपछि काठमाडौं फर्केर संसद्को संयुक्त सदनलाई सम्बोधन गर्ने
- शान्ति स्थापनामा नेपालले गरेको मौलिक अभ्यासबाट विश्वले पाठ सिक्नुपर्ने भनाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालको औपचारिक भ्रमणमा रहेका संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस पोखरा पुगेका छन् । आइतबार नेपाल आइपुगेका गुटेरेस सोमबार पोखराको लेकसाइडस्थित फिस्टेल लजमा बसेका छन् । उनलाई ताल र हिमाल देखिने कोठाको व्यवस्था गरिएको छ । २०३९ सालमा पोखरा आइपुगेका बेलायती राजकुमार चार्ल्स बसेकै कोठामा गुटेरेस बसेका छन् ।

सोमबार उनी पोखराको प्रसिद्ध धार्मिक पर्यटकीय गन्तव्य पुम्दीकोट पुगे । महासचिव गुटेरेसले यहाँस्थित महादेवको विशाल मूर्तिसँगै यहाँबाट देखिने हिमाली दृश्यावलोकन एवं फेवातालसहित पोखराको रुचिपूर्वक अवलोकन गरेका थिए । महासचिव गुटेरेसले करिब आधा घण्टा पुम्दीकोटमा बिताएको पुम्दीकोट विकास समितिका अध्यक्ष चन्द्रकान्त बरालले बताए ।

महासचिव गुटेरेसले फेवातालमा नौका विहार गरे । उनको भ्रमणले पोखराको पर्यटन विश्वव्यापीरूपमा प्रवर्द्धन भएको पोखरा महानगरपालिका पर्यटन विकास समितिका उपाध्यक्ष रवीन्द्रराज पौडेलले बताए । महासचिव गुटेरेस फिस्टेल लजदेखि तालबाराही मन्दिरसम्म पुगी दृश्यावलोकनसँगै ताल र हिमालबारे जानकारी लिएका थिए ।

त्यसअघि गुटेरेस सोमबार बिहानै सोलुखुम्बुस्थित खुम्बु पासाङल्हामु गाउँपालिका-४ पुगी हिमालको अवलोकन गरेका थिए । खुम्बुमा पुगेका गुटेरेसले नेपालको हिमालमा जलवायु परिवर्तनले पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउने प्रतिबद्धता व्यक्त जनाए । महासचिव गुटेरेसले जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप-२८)मा स्थानीयका सुझावसहित जलवायुले हिमालमा परेको असरबारे ध्यानाकर्षण गराउने उल्लेख गरे । उनले विश्वको प्रदूषण वृद्धिमा धनी देशको भूमिका रहेको तर खुम्बु पासाङल्हामु गाउँपालिकाजस्ता दुर्गम स्थानमा नकारात्मक असर पर्नु दुःखद् भएको बताएको खुम्बु पासाङल्हामु गाउँपालिका-४ का अध्यक्ष लक्ष्मण अधिकारीले जानकारी दिए ।

(बाँकी पृष्ठ ३ मा)

## उपत्यका पनि...

पृष्ठ १ बाट जारी

'काठमाडौं उपत्यकाभित्र सार्वजनिक यातायात सञ्चालन व्यवस्थापनसम्बन्धी सम्पूर्ण अधिकार संघीय सरकार मातहत रहने गरी 'सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९' बनाई संघीय संसद्बाट पारित गराएर लागू गराउन खोजेको छ । उक्त ऐनअनुसार उपत्यकाभित्र सञ्चालन हुने सार्वजनिक यातायातको समग्र व्यवस्थापन संघीय सरकारले सो कानुनअनुसार गठन गर्ने प्राधिकरण मातहत ल्याएको' उक्त ऐनको प्रस्तावना र यसको उद्देश्यबाट देखिने रिटमा उल्लेख छ ।

ऐनअनुसार संघीय सरकारले काठमाडौं उपत्यकाको सार्वजनिक यातायात सेवा आफूमातहत रहनेगरी संघीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण स्थापना गर्ने प्रक्रियासमेत सुरु गरिसकेको छ । बागमती प्रदेशका मन्त्रीहरू भने उपत्यकाका तीन जिल्लाका विषयमा आफूहरूले कुनै निर्णय गर्न नपाउँदा प्रदेश सरकार नै कमजोर भएको गुनासो गर्दै आएका छन् । 'बागमतीको सबैभन्दा धैरै आर्थिक गतिविधि हुने जिल्लाहरू काठमाडौं, भक्तपुर र ललितपुर हुन्,' बागमतीका एक पूर्वमन्त्रीले भने, 'तर यी जिल्लाहरू बागमतीको नियन्त्रणबाहिर छन् । जसकारण यहाँको सरकार अरु प्रदेशको सरकारभन्दा कमजोर छ । केही काम गर्नै पाउँदैन ।'

संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका डिभिजनल इन्जिनियर सुरेश श्रेष्ठका अनुसार सरकारले प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत (सिइओ) नियुक्त गरिसकेको छ । यातायात मन्त्रालयका सहसचिव कुवेर नेपाली सिइओमा नियुक्त भएका छन् ।

बागमती प्रदेश सरकारले अघिल्लो कार्यकालमा पनि संघीय सरकारविरुद्ध अदालत जाने चेतावनी दिँदै आएको थियो । राजेन्द्र पाण्डे मुख्यमन्त्री हुँदा संघले प्रदेशलाई प्रहरी समायोजनको अधिकार नदिएको भन्दै कानुनी उपचारमा जाने चेतावनी दिएका थिए । त्यतिबेला मौखिक चेतावनी दिँदै आए पनि औपचारिक रूपमा भने प्रदेश सरकारले कुनै कदम चालेको थिएन । यसपटक भने बागमती सरकार मन्त्रिपरिषद्बाटै निर्णय गरेर संघविरुद्ध अदालत गएको छ ।

मुख्यमन्त्री जम्कट्टेलले यसअघि पनि प्रहरी समायोजन चाँडो हुनुपर्ने माग प्रधानमन्त्री दाहालसमक्ष राखेका थिए । असोज ३० मा बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले ६८औं प्रहरी दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै जम्कट्टेलले प्रहरी समायोजन छिट्टै गरिने दाबी गरेका थिए । आफूहरूले संविधानमा रहेको अधिकारअनुसार काम गर्दा संघीय कानुनले व्यावधान देखाएकाले प्रहरी समायोजन हुन नसकेको उनको गुनासो थियो । 'शान्ति सुरक्षा र अमनचयनमा नेपाल प्रहरीले खेलेको भूमिकाको उच्च सम्मान रहेको छ,' मन्त्री जम्कट्टेलले भनेका थिए, 'प्रहरी संगठनलाई रूपान्तरण गर्दै अझ सुदृढ बनाउनुपर्छ ।'

### संघीयता कार्यान्वयनमा सरकार उदासीन

आफ्नो अधिकार कुण्ठित गरेर संघीय सरकारले आवश्यक कानुन बनाउँदा प्रदेश सरकार रुष्ट बनेको छ । संघीयता कार्यान्वयनमा गएको आठ वर्ष बित्दा पनि प्रहरी ऐन जारी गर्न संघ उदासीन छ । त्यसैले प्रदेश सरकारका आन्तरिक मामिला मन्त्रीहरूले कानुनी उपचार खोज्ने चेतावनी दिएका छन् । बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले भदौ मसान्तसम्ममा संघीय प्रहरी ऐन जारी नभए कानुनी उपचार खोज्ने चेतावनी दिएका थिए । प्रहरी समायोजन, कर्मचारी समायोजन, फौजदारी मुद्दाको क्षेत्राधिकार र भूमिगत सिँचाइ कार्यालयको अधिकार क्षेत्रबारे व्याख्या माग्दै सर्वोच्चमा मुद्दा विचाराधीन छ । न त अदालतले नै फैसलाको तदारुकता देखाएको छ न कार्यान्वनयमा संघ नै जिम्मेवार देखिन्छ ।

माओवादी केन्द्रले आफ्नै एजेण्डा मानेको तर उसैका अध्यक्ष प्रधानमन्त्री रहँदा पनि संघीयता कार्यान्वयनमा ठोस प्रगति देखिँदैन । सरकारको न्यूनतम साझा कार्यक्रममा सत्तारुढ गठबन्धनको तर्फबाट प्रहरी समायोजनसम्बन्धी ऐन छ महिनाभित्र ल्याउने संकल्प थियो । छ महिना गएको भदौ अन्तिममा बितिसकेको छ, तर ऐन ल्याउने सुरसार छैन ।

मधेस प्रदेशले संघले ऐन ल्याउन ढिला गर्दा संविधानले दिएको अधिकार प्रयोग गरेर प्रदेश प्रहरी ऐन जारी गर्दै प्रहरी भर्ना आह्वान गरेको थियो तर, सर्वोच्चले रोक लगाइदियो । संविधान कार्यान्वयनका लागि भने अदालतले अहिलेसम्म सरकारलाई आदेश दिएको छैन ।

संविधानको अनुसूची ६ मा प्रस्टसँग प्रदेश प्रहरी र शान्ति सुरक्षाको अधिकार उल्लेख गरिएको छ । तर, संघीय कानुनले निर्देश गर्ने भएकाले प्रहरी ऐन जारी हुनुपर्छ । यो ऐन जारी गर्दा संघले आफ्नो अधिकार कटौती हुने डर मानेको हो वा प्रदेशलाई मजबुत बनाउन नचाहेको हो ? प्रदेशले प्रहरी ऐन कार्यान्वयनमा ल्याउन नपाउँदा मुख्यमन्त्रीदेखि मन्त्रीसम्मका पिएसओ संघले नै पठाउनुपर्ने अवस्था छ ।

## चेपुवामा मुख्यमन्त्री ...

पृष्ठ १ बाट जारी

कांग्रेसको कोइराला समूहका उनलाई एमालेले मुख्यमन्त्रीमा समर्थन गर्नुको कारण गठबन्धन भत्काउने रणनीतिक खेलले काम गरेको बताइन्छ । तर, गठबन्धन भत्किएन । उल्टै गठबन्धन दलहरूले मुख्यमन्त्री कार्कीप्रति 'अपनत्व' ग्रहण गरे । परिणामतः सरकारबाट एमालेलाई हट्न गठबन्धन दलहरूको दबाब छ । एमाले सरकारबाट हट्ने पक्षमा भने छैन ।

यदि, एमाले सरकारबाट समर्थन फिर्ता लिएर बाहिरियो भने कार्की सरकार संकटमा फस्ने देखिएको छ । किनभने सरकार गठनको अन्तिम संवैधानिक आधार (संविधानको धारा १६८ (५) अनुसार कार्की मुख्यमन्त्री बनेका हुन् । त्यसअनुसार बनेको कार्की सरकार ढलेको अवस्थामा प्रदेश मध्यावधि निर्वाचनमा धकेलिन्छ । प्रदेश संसद्को निर्वाचन भएको भने एक वर्ष पनि भएको छैन । गत वर्षको ४ मंसिरमा निर्वाचन भएको हो । संसद्मा एमालेका ३९ जना, कांग्रेसका २९, माओवादीका १३, राप्रपाका छ, एकीकृत समाजवादीका चार र जसपाको एक जना सांसद छन् । हाल कोशीमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मात्रै विपक्षमा छ ।

## श्रमिकका समस्या...

पृष्ठ १ बाट जारी

हालै सम्पन्न एनआरएनएको ११औं महाधिवेशनबाट अध्यक्षमा निर्वाचित बद्री केसीलाई अस्वीकार गर्दै शर्माको नेतृत्वमा समानान्तर कार्यसमिति बनाइएको हो ।

विद्युतीय प्रणालीबाट भएको मतदानमा धाँधली भएको भन्दै असन्तुष्ट पक्षले समानान्तर भेला डाकेर शर्मालाई अध्यक्ष चयन गरेको थियो । उनी मध्यपूर्वलगायत विभिन्न मुलुकमा रहेका नेपाली श्रमिकहरूको पक्षमा वकालत गर्दै एनआरएनएको अध्यक्षमा उम्मेद्वार बनेका थिए । यो समूहले आफू आधिकारिक भएको भन्दै परराष्ट्र मन्त्रालयलगायत निकायमा दाबी पेस गरिसकेको छ । उक्त समूहले एनआरएनएको खाता रोक्का गर्न माग गर्दै परराष्ट्रमा निवेदन दिएको छ ।


**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०७/१४ गते)

सुवन बहादुर भुजेलको नाती, चन्द्र बहादुर भुजेलको छोरा, कमला भुजेलको पति, काभेपलाञ्चोक जिल्ला, चौरीदेउराली गा.पा, वडा नं ७ बस्ने नारायण बहादुर भुजेलको मिति २०७९/११/२० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको चौरीदेउराली शाखामा रहेको नागरीक बचत खाताको खाता नं. २६६०१८३९५४७०००१ (साविकको नेपाल केडिट एण्ड कमर्स बैंक लि. को खाता नं.१४४०००००१५०१०)मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोराले यस बैंकको चौरीदेउराली शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय चौरीदेउरालीमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय चौरीदेउराली, काभ्रेपलाञ्चोक फोन नं. ९८१७०२५३५८



**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०७/१४ गते)

राधे रमण यादवको पत्नी, महोतरी जिल्ला, हरिहरपुर हरिणमरी गा.पा वडा नं. ०८ हाल महोतरी जिल्ला भँगहा न.पा. वडा नं. ०९, बस्ने सविता कुमारी यादव (ना.प्र.नं.१८३०६०/५९०, जारी मिति २०६३-१०-२५, जिल्ला प्रशासन कार्यालय महोतरी) को मिति २०८०/०५/१० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको भँगहा शाखामा रहेको बचत खाता नं. ०७८००४४६८८५००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमानले यस बैंक शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय भँगहामा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय भँगहा, महोतरी फोन नं. ९८५४०३५२३९



**सटर खोल्न आउने बारे १५ दिने सूचना**

का.म.न. वडा नं. १४ कलंकी खडका गाँऊ कित्ता नं. ५४३ को म प्रभु राम कार्कीको नाममा रहेको घरमा भाडामा बस्ने New Sapana Enterprises (रंग पसल) का धनी सुनिल सिहं नाम गरेको व्यक्तिलाई पटक पटक सम्पर्क गर्दा पनि सम्पर्कमा नआएको र निजले घर भाडा पनि नतिरेको हुनाले उक्त टहराको ताला खोल्ने कानुन बमोजिम अनुमती चाहन्छु ।

निवेदक
प्रभु राम कार्की



**भुमि सुधार तथा मालपोत कार्यालय, सर्लाही, मलंगवा**
**३५ दिने सार्वजनिक सूचना**

जिल्ला सर्लाही गा.वि.स. जब्दी वार्ड नं. ७ हाल जि. सर्लाही न.पा. लालबन्दी वार्ड नं. ५ बस्ने **जगदेव चौधरी**लाई हकदावी गर्न आउन बारेको सूचना ।

उपरोक्त सम्बन्धमा तपसिल बमोजिम जग्गा जिल्ला सर्लाही साविक गा.वि.स.जब्दी वार्ड. ७ हाल जि. सर्लाही न.पा. लालबन्दी वार्ड नं. ५ मा बस्ने **जगदेव चौधरी**को नाम उल्लेख रहेकोमा जग्गा धनीले **भगुवा मोही लगत कट्टा** गरि पाउँ भन्ने निवेदनमा मिति २०८०/६/३० गतेको आदेशाअनुसार हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम **भगुवा मोही लगत कट्टा** तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराईन्छ । पछि तपाई उजुर बाजुर लाग्ने छैन ।

तपसिल :-

| जिल्ला | गा.वि.स. | वर्डा नं. | कि.नं | ज.वि. | ज.ध. | माही |
|---|---|---|---|---|---|---|
| सर्लाही | जब्दी | ७(क) | ८८३ | ०-३-० | टिकालाल गिरी समेत | जगदेव चौधरी |
| सर्लाही | जब्दी | ७(क) | ८८४ | ०-७-० | जिवालाल गिरी | |
| सर्लाही | जब्दी | ७(क) | ८८५ | ०-१-१० | जिवालाल गिरी | |



**नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान तथा अन्तर्गत महाविद्यालयको लागि आवश्यक मेशिनरी औजारहरुको खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सुचना**

(दोस्रो पटक प्रकाशित मिति २०८०/०७/१४ गते)

१. नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान तथा अन्तर्गतका महाविद्यालयहरुमा आ.व.२०८०/८१ को लागि आवश्यक पर्ने मेशिनरी औजारहरुको e-GP System को माध्यमबाट ठेक्का लिई आपुर्ति गर्न ईच्छूक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट यो सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**बोलपत्रको विवरण**

| ठेक्का नं. | सिलबन्दी दरभाउपत्र जमानत अंक ने.रु. | सिलबन्दी दर भाउपत्र दस्तूर रु. | विड गर्ने अन्तिम मिति र सयम | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|
| NAWF/NAIHS/GOODS/BKHL/2080/081/25Rebid | ३२,०००.०० | १,०००.०० | २०८०/०७/२१ १२:०० बजे | २०८०/०७/२१ १०:०० बजे |

२. माथि उल्लेखित ठेक्का "विद्यूतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०८०" अनूसार www.bolpatra.gov.np/egp सिष्टमबाट बिड गर्नू पर्नेछ ।



**चौरजहारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चौरजहारी, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

**ठेक्का स्वीकृतीको आशयको सूचना**


**प्रकाशित मिति: २०८०।०७।१४**

प्रस्तुत बिषयमा मिति २०८०।०६।०९ गते यस कार्यालयबाट प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका बोलपत्रहरुको बोलपत्र मूल्याङ्कन समितिबाट तपसिल बमोजिम बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभुत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र.सं | ठेक्का नं. | आयोजनाको नाम र स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फमको नाम र ठेगाना | कबोल अंक (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1 | CJM/WORKS/NCB/01/080/081 | Construction of Health Post Building (Type-1) Chaurjahari Municipality-14, Rukum (West) | Star Darma Malika Construction And Suppliers Pvt. Ltd. Darma Salyan | 53,57,489.97 NPR |

**शेरप्रसाद ढकाल**
**नि. प्रमुख प्रशासकीय अधिकृत**


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

कात्तिक १४ गते २०८०, मंगलबार

- **मेष** काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।
- **वृष** राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ ।
- **मिथुन** एउटै कामबाट दोहोरो लाभ मिल्नेछ ।
- **कर्कट** नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ
- **सिंह** अरुले आलोचना पनि गर्न सक्छन् ।
- **कन्या** आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ ।
- **तुला** आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।
- **वृश्चिक** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।
- **धनु** स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ
- **मकर** पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला ।
- **कुम्भ** परोपकारमा रुचि बढ्नेछ ।
- **मीन** कूटनीतिक नियोगको सहयोग मिल्ला ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

कात्तिक १४ गते, २०८०, ३१ अक्टोबर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.९० | १३३.५० |
| युरो | १ को | १४०.४२ | १४१.७८ |
| पाउन्ड स्टिर्लङ | १ को | १६१.२४ | १६४.१४ |
| स्विस फ्रेन्क | १ को | १४७.३१ | १४८.३७ |
| अस्ट्रेलियन डलर | १ को | ८४.१९ | ८५.५१ |
| क्यानाडियन डलर | १ को | ९५.८१ | ९८.१९ |
| सिंगापुर डलर | १ को | ९६.९८ | ९७.९९ |
| जापानी येन | १० को | ८.८८ | ८.९५ |
| चिनियाँ युआन | १ को | १८.१६ | १८.२९ |
| साउदी अरब रियाल | १ को | ३५.४२ | ३५.५९ |
| कतारी रियाल | १ को | ३६.५० | ३६.६० |
| थाई भाट | १ को | ३.६८ | ३.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१८ | ३६.३५ |
| मलेसियन रिङ्गेट | १ को | २७.८१ | २८.३३ |
| दक्षिण कोरियन वन | १०० को | ९.८० | ९.९९ |
| स्विडिस क्रोनर | १ को | ११.९२ | १२.२७ |
| डेनिस क्रोनर | १ को | १८.८१ | १९.०१ |
| हङकङ डलर | १ को | १६.९९ | १७.०७ |
| कुवेती दिनार | १ को | ४३०.१७ | ४३१.९० |
| बहराइन दिनार | १ को | ३५२.५२ | ३५४.१० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# गुटेरेस माला र टोपीमा सजिँदा...

**गण्डकी–** पोखरा भ्रमणमा आएका संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसलाई पोखरेलीले आत्मीयतापूर्वक स्वागत गरेका छन् । नेपाली सेनाको विमानमार्फत सोमबार दिउँसो पोखराको पुरानो विमानस्थलमा ओर्लिएका उनलाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेसहितको टोलीले भव्य स्वागत गरेको हो ।

मुख्यमन्त्री पाण्डेले सयपत्री फूलको माला र पोखरा महानगरका प्रमुख धनराज आचार्यले ढाकाटोपी पहिराएर महासचिव गुटेरेसलाई स्वागत गरेका थिए । उनको स्वागतमा प्रदेश सरकारका मन्त्री, जनप्रतिनिधि, सुरक्षा निकायका प्रमुखलगायत उच्चपदस्थ व्यक्तिहरू विमानस्थल पुगेका थिए ।

तिहारको छेकोमा पोखरा भ्रमणमा आएका महासचिव गुटेरेस सयपत्रीको माला र ढाका टोपीमा सजिँदा नेपालीपन झल्केको थियो । खुसी मुद्रामा उनले पोखरेलीको न्यानो स्वागत ग्रहण गरेको देखिन्थ्यो । शरदयामको घमाइलो दिन भएकाले प्रकृतिले पनि महासचिव गुटेरेसलाई स्वागत गरेझैँ भान मिल्थ्यो । सोमबार बिहानैदेखि पोखराको मौसम खुलेको थियो ।

महासचिव गुटेरेसको स्वागतार्थ विमानस्थलको बाहिरपट्टी सांस्कृतिक झाँकीसहित मौलिक नाच प्रस्तुत गरिएको थियो । नेवारी समुदायमा प्रचलित तायमचा, जनजाति समुदायको सोरठी, नौमती बाजालगायत मौलिक संस्कृति देखाइएको थियो । परम्परागत वेशभूषामा सजिएका आमा समूह, जनप्रनिधि, पर्यटन व्यवसायीलगायतले महासचिव गुटेरेसलाई स्वागत गरेका थिए ।



चारदिने औपचारिक भ्रमणमा क्रममा आइतबार नेपाल आएका उनी सोमबार पोखरा भ्रमणमा आएका हुन् । उनी सोमबार फेवा किनारस्थित होटल फिस्टेलमा बसेका छन् । महासचिव गुटेरेस आज मंगलबार बिहान विश्वप्रसिद्ध पर्यटकीय गन्तव्यस्थल अन्नपूर्ण आधार शिविर जाने कार्यक्रम छ । त्यहाँ उनले जलवायु परिवर्तनले हिमाली जनजीवनमा पारेको असरबारे स्थानीयवासीसँग अन्तरक्रिया गर्ने कार्यक्रम रहेको कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले जानकारी दिए ।

अन्नपूर्ण आधार शिविरबाट फर्केपछि पोखरा विमास्थलमा पत्रकारसँग साक्षात्कार गर्ने कार्यक्रम तय भएको उनको भनाइ छ । महासचिव गुटेरेसको भ्रमणलाई लक्ष्य गरी पोखराको सुरक्षा प्रबन्ध चुस्त पारिएको छ । उनी लुम्बिनी भ्रमणका लागि मंगलबार बिहान पोखराबाट भैरहवा प्रस्थान गर्ने जनाइएको छ ।

महाचिव गुटेरेसको भ्रमणसँगै पछिल्लो समय पोखरा अतिविशिष्ट विदेशी पाहुनाको भ्रमणस्थलका रूपमा स्थापित हुँदै गएको छ । फ्रान्सका हिमाल आरोही मौरिस हर्जोगले सन् १९५० जुन ३ मा सर्वप्रथम अन्नपूर्ण प्रथमको सफल आरोहण गरेसँगै अन्नपूर्ण हिमाल र यससँग प्रत्यक्ष जोडिएका पोखरालगायतका गन्तव्यहरूले पर्यटकीय महत्त्व पाएका हुन् ।

अन्नपूर्ण हिमालको आरोहण भएको डेढ दशकपछि सन् १९६६ मा विश्वप्रख्यात पदयात्री एरिक सिप्टनले गरेको अन्नपूर्ण आधार शिविरको पदयात्रापछि पोखरालाई आधार बनाएर अन्नपूर्ण, धवलागिरिजस्ता हिमालका पेरिफेरीमा पदयात्रातर्फ पनि आकर्षण बढेको हो ।

सन् १९६० देखि हिप्पी पर्यटकको आगमनले पोखराको पर्यटकीय गतिविधि बढेको पाइन्छ । सन् १९८० को दशकदेखि फस्टाउँदै गएको यहाँको पर्यटनलाई समय समयमा हुने गरेका अतिविशिष्ट व्यक्तिको आगमनले यहाँको गरिमा र महिमा अझै चुलिएको हो । इतिहासमा उल्लेख भएअनुसार यसअघि सन् १९६१ मा बेलायती महारानी एलिजावेथ द्वितीया र सन् १९६३ मा भारतीय राष्ट्रपति राधाकृष्णनले पनि पोखराको भ्रमण गरेका थिए ।

त्यसयता पोखरामा २०७२ चैतमा सम्पन्न सार्क मन्त्रिपरिषद् बैठक (मिनी सार्क सम्मेलन), त्यसलगत्तै भएको बेलायती राजकुमार हचारीको भ्रमणदेखि २०७३ कात्तिकमा भएको भारतीय राष्ट्रपति मुखर्जीसम्मका औपचारिक भ्रमणले यहाँको महत्त्वलाई अझै बढाएको थियो । पोखरामा २०७६ कात्तिकमा बंलादेशका राष्ट्रपति मोहम्मद अब्दुल हमिद फेवातालमा डुंगा सयरदेखि हिमाल अवलोकन आदि गतिविधिमा सरिक बनेका थिए ।

पोखरा आएका अतिविशिष्ट व्यक्तिले यस स्थललाई प्रकृतिको वरदान आदि उपमा दिनुले पनि यहाँको विश्वव्यापी प्रवर्द्धन भइरहेको छ । महासचिव गुटेरेसको भ्रमणलाई पोखरेलीले यहाँको विश्वव्यापी पर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण अवसरका रूपमा लिएको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताए । *रासस*

## संयुक्त सदनलाई..

पृष्ठ १ बाट जारी

महासचिव गुटेरेसले जलवायु परिवर्तनबाट उत्पान्न हुने समस्या कम गर्नका लागि के गर्न सकिन्छ भनेर पहल गर्ने र उक्त सन्देश विश्वभरि लैजाने प्रतिबद्धता व्यक्त गरेका थिए । भेटमा स्थानीय समुदायले हिमनदी पग्लिनेक्रम बढेको, जलवायुजन्य हानि नोक्सानी बढेको, पानीका स्रोत सुक्दै गएको, स्थानीय बालीनालीमा जलवायुको असर परेको, नांगा हिमालमा पानी पर्दा पहिरो जाने समस्या बढेको जस्ता विषय महासचिव गुटेरेसलाई अवगत गराएका अध्यक्ष अधिकारीले जानकारी दिए । साथै स्थानीयले गाउँमा ऊर्जाको अभाव रहेको र लघु जलविद्युत् आयोजना निर्माणमा सहयोगका लागिसमेत आग्रह गरेका थिए ।

महासचिव गुटेरेस आज हेलिकप्टरमार्फत अन्नपूर्ण आधार शिविर र लुम्बिनी पुग्ने कार्यक्रम रहेको छ । आजै अपराह्न उनले संघीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ । गुटेरेस बुधबार संयुक्त राष्ट्रसंघ मुख्यालय फर्कने कार्यतालिका रहेको छ ।

### ‘शान्ति स्थापनामा नेपालबाट सिक्नुपर्छ’

महासचिव गुटेरेसले शान्ति स्थापनामा नेपालले गरेको मौलिक अभ्यासबाट विश्वले पाठ सिक्नुपर्ने बताएका छन् । ललितपुरको पुल्चोकस्थित राष्ट्रसंघ भवनमा सोमबार आयोजित स्वागत समारोहलाई सम्बोधन गर्दै महासचिव गुटेरेसले भने, ‘नेपालले शान्ति स्थापनामा गरेको मौलिक अभ्यास, संक्रमणकालीन न्यायलाई अन्तिम निष्कर्ष दिन चालेका कदम र शान्ति स्थापनार्थ खटाइएका शान्ति सेनाका सफल उदाहरणबाट विश्वले पाठ सिक्नुपर्छ ।’

उक्त अवसरमा महासचिव गुटेरेसले नेपाललाई आर्थिक-सामाजिक र हरेक क्षेत्रमा सवल र सफल राष्ट्र बनाउन यहाँस्थित राष्ट्रसंघीय कार्यालयका कर्मचारीलाई आग्रह गरे । उनले नेपाली जनतालाई केन्द्रमा राखेर आर्थिक-सामाजिक विकास गर्दै दिगो विकासका लक्ष्य पूरा गर्न सम्भव छ भन्ने दृढताका साथ सहयोग गर्न आग्रह गरेका छन् ।

शान्ति प्रक्रियालाई अन्तिम निष्कर्षमा लाने, जलवायु परिवर्तनका प्रतिकूल असरबाट प्रभावित समुदायलाई पुनःस्थापित गर्न र नेपाललाई अल्पविकसित मुलुकबाट विकासशील मुलुकका स्तरोन्नति गर्ने प्रक्रियाका विषयलाई प्राथमिकतामा राखेर आफ्नो नेपाल भ्रमण भएको महासचिव गुटेरेसले स्पष्ट पारे । उनले संक्रमणकालीन न्यायलाई टुंग्याउँदा पीडितलाई केन्द्रका राख्नुपर्ने स्मरण गराए ।

महासचिव गुटेरेसले विश्वमा कार्बन उत्सर्जनमा कुनै भूमिका नभए पनि जलवायु परिवर्तनको प्रतिकूल असरको मार नेपालले खेपेका र हिमशृंखला पग्लन थालेकामा चिन्ता गर्दै यसको असर नेपाल र समग्र विश्वलाई पर्ने भएकाले त्यस गम्भीरतालाई मनन् गरेर काम गर्नुपर्ने बताए ।

नेपालस्थित राष्ट्रसंघीय कार्यालयकी आवासीय संयोजक हाना सिंगरले राष्ट्रसंघको मान्यता र तोकिएका कार्यका आधारमा नेपाललाई विकासशील मुलुकमा स्तरोन्नति गराउन र दिगो शान्ति स्थापनाका लागि सम्पूर्ण सहयोग जारी रहने स्पष्ट गरिन् । संवैधानिक हकको कार्यान्वयन र समतामूलक समावेशी विकासका लागि आफूहरूले नेपाललाई निरन्तर साथ रहने उनको भनाइ थियो ।


**Free Recruitment / युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SPARK SECURITY SERVICES LLC

पुर्व स्वीकृति मिति २०८०/०३/१२ | पुन स्वीकृति मिति २०८०/०७/१३ | LT. No. 288586 | चलानी नं. ६०२००८७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 95 | 48 | 2000 | ७२,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guard - SIRA | 100 | 50 | 1200 | ४३,४३५ | | | | | | | |

कम्तिमा SEE पास साथै English भाषा राम्रोसँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
उमेर २२ वर्षदेखि ३८ वर्ष ननाघेको र उचाई पुरुषको हकमा ५ फिट ८ इन्च र महिलाको हकमा ५ फिट २ इन्च भन्दा माथि हुनुपर्नेछ ।
Civil, Ex-Army, Police मा कम्तिमा ३ वर्षको अनुभव भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ ।

अन्तरवार्ता हुने स्थान:
अर्पण ब्याङक्युट, नयाँबानेश्वर, काठमाडौं र हिमालय होटेल, ललितपपुर, मिति: २०८० कात्तिक २१ गते (7th Nov. 2023) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कात्तिक २२ र २३ गते (8 & 9th Nov. 2023) मा हुनेछ ।

PSBD को Basic Salary AED 2000 र Other Allowance AED 770 सहित AED 2770 हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Tenduli International Employment Service Pvt. Ltd.** Govt. License 304/059/60
P.o.Box: 10943, New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977 1-5919243, 977 1-4568734
Fax: +977-1-4460562, Mobile: +9779823237412, 9851083996, +9779818119591
Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np


सुदुरपश्चिम प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
**सेती प्रादेशिक अस्पताल**
धनगढी, कैलाली

## कम्पाउण्ड वाल तथा डिपड्युबवेल निर्माणका लागि बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति: (२०८०।०७।१४)

यस कार्यालयको स्वीकृत बार्षिक कार्यक्रम बमोजिम देहायको कम्पाउण्ड वाल तथा डिपड्युबवेल निर्माणका लागि ३० दिने बोलपत्र आह्वान गरिएको छ । बिस्तृत जानकारीका यस सेती प्रादेशिक अस्पत्ताल बाट बोलपत्र कागजात खरिद गरि सोही अनुसार गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । धरौटी वापत सूचनामा उल्लिखित रकम प्रदेश लेखा नियन्त्रक कार्यालय, कैलालीको रा.बा. बैंक धनगढीमा रहेको धरौटी खाता नम्बर ४१७०१००२०२०३०००० (कार्यालय कोड नं.३५००२७७०३७ से.प्रा.अस्पताल) मा रकम जम्मा गरेको बैंक भौचर वा कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नामामा जारी भएको मान्यता प्राप्त क बर्गको बाणिज्य बैंकको बिड वण्ड समेतका आवश्यक कागजपत्रहरुको प्रतिलिपि सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ । बोलपत्र वापतको रकम कार्यालय कोड ३५००२७७०३७ रा.बा.बैक हि.न.१०००१००२०००१०००० राजश्व शिर्षक नं १४२२९ मा जम्मा गर्न सकिने छ ।

तपशिल

| ठेक्का नं. | आपुर्ति गर्नुपर्ने सेवाको संक्षिप्त विवरण | बोलपत्र दस्तुर | अनुमानित लागत (भ्याट समेत) | धरौटी |
|---|---|---|---|---|
| SHP/NCB/Work/05 /2080/081 | कम्पाउण्ड वाल निर्माण | ३,०००। | ३९,९८,३२३। | १,००,०००। |
| SHP/NCB/Work/06 /2080/081 | डीप ट्याबबेल निर्माण | ३,०००। | ४२,३०,५००। | १,०६,०००। |


**MAURITIUS को सुपरमार्केटमा रोजगारीको सुवर्ण अवसर**

कम्पनी : BEAU PLAN DISTRIBUTION LTD

पुर्व स्वीकृति मिति २०८०/०१/१५ | LT. No.285335 | चलानी नं. ६०२००८१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Machine Operators | 30 | 0 | 14000 | ४१,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २१ गते (7th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १९,५००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : BROGAN MIDDLE EAST SCAFFOLDING CONTRACTING LLC

पूर्व स्वीकृति मिति २०७९/०८/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१३ | LT. No. 276427 | चलानी नं. ६०१९२१४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolders | 57 | 0 | 1200 | ४२,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २२ गते (8th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**
श्रम ईजाजत नं. ५५९/०६२/०६३ Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ADKA GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति: २०८०/०७/१० | LT. No.294304 | चलानी न. ६०२०९४११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 7 | 0 | 1200 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २१ गते (7th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**
Maharajgunj, sankhapark, Kathmandu Nepal ,
Telephone : +977 1 5903011/5903012
Govt. License No. 1336/074/075 Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

**Free Visa!! Free Ticket!! Free Recruitment !!**
**युएईमा नि:शुल्क वैदेशिक रोजगारको अवसर**

कम्पनी : KELVIN CATERING SERVICES & FACILITIES MANAGEMENT EMIRATES L.L.C.

पूर्व स्वीकृति मिति २०७८/१०/१८ | पून स्वीकृति मिति २०८०/०७/०३ | LT. No. 257381 | चलानी नं. ६०१७३८४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Clerk | 4 | 0 | 1900.00 | ६८७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Arabic Bread/Chapati Maker | 9 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 3 | Asst Salad Maker | 5 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 4 | Asst. Butcher | 3 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 5 | Asst. Cook - Arabic/Rice/Veg Cutting | 5 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 6 | Asst. Pastry /Head Baker | 6 | 0 | 1200.00 | ४३४४३ | | | | | | | |
| 7 | BAKER | 9 | 0 | 2000.00 | ७२४०६ | | | | | | | |
| 8 | BUTCHER | 5 | 0 | 1200.00 | ४३४४३ | | | | | | | |
| 9 | Continental Cook | 3 | 0 | 2600.00 | ९४१२७ | | | | | | | |
| 10 | Ethnic Cook | 8 | 0 | 2000.00 | ७२४०६ | | | | | | | |
| 11 | GENERAL TECHICIAN | 2 | 0 | 2200.00 | ७९६४६ | | | | | | | |
| 12 | GYM TRAINER | 3 | 0 | 2000.00 | ७२४०६ | | | | | | | |
| 13 | HEAD BAKER-PASTRY | 3 | 0 | 2200.00 | ७९६४६ | | | | | | | |
| 14 | Head Reception | 3 | 0 | 1800.00 | ६५१६५ | | | | | | | |
| 15 | Housekeeping Supervisor | 3 | 0 | 1200.00 | ४३४४३ | | | | | | | |
| 16 | Khaleeji Cook | 3 | 0 | 4000.00 | १४४८१२ | | | | | | | |
| 17 | kitchen helper/Cleaners | 15 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 18 | Laundry Supervisor | 3 | 0 | 1800.00 | ६५१६५ | | | | | | | |
| 19 | Laundry Man | 10 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 20 | Location Manager | 5 | 0 | 3800.00 | १३७५७१ | | | | | | | |
| 21 | Maintenance Supervisor | 3 | 0 | 2800.00 | १०१३६८ | | | | | | | |
| 22 | Office Boy/Clerk | 10 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 23 | Pastry Man | 4 | 0 | 2600.00 | ९४१२७ | | | | | | | |
| 24 | Pest/Vermin Controller | 5 | 0 | 1200.00 | ४३४४३ | | | | | | | |
| 25 | PLUMBER | 3 | 0 | 1900.00 | ४३४४३ | | | | | | | |
| 26 | Room Boys | 25 | 0 | 1200.00 | ४३४४३ | | | | | | | |
| 27 | Salad Maker/Grade Manager | 7 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 28 | Store Helper | 3 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |
| 29 | Storekeeper | 7 | 0 | 1200.00 | ४३४४३ | | | | | | | |
| 30 | Waiter | 15 | 0 | 1000.00 | ३६२०३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २४,२५ गते(10, 11 Nov 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VISION & VALUE OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9863194833, 9863194835, 9863194832, 9863194834, 9863194839
9851315983, 9846035174, 9851055165, 9818002688, 9851044323, 9861605199, 9841076393
Email:- visionhospitalityjobs@gmail.com| URL: www.vnvnepal.com

प्रभाव दैनिक National Daily

सम्पादकीय

# प्रदेशलाई अधिकार देऊ

संघीयतापछि बनेको पहिलो प्रदेश सरकारमा मन्त्री बन्दा एमाले नेता केशव स्थापितले काम नपाएर हेटौंडामा लोखर्के गनेर बसेको प्रतिक्रिया दिएका थिए । २०७५ को वैशाखमा स्थापितले यस्तो बोल्नुको प्रमुख कारण हो– बागमतीकै महत्त्वपूर्ण मानिएको तीन जिल्ला काठमाडौं, भक्तपुर र ललितपुरलाई संघको अधीनमा राखिनु ।

उपत्यकाका यी तीन जिल्ला देशकै सबैभन्दा बढी आर्थिक गतिविधि हुने जिल्ला मानिन्छ । राजस्वको स्रोतमात्र हैन यी तीन जिल्लाको राजनीतिक विषयमा पनि उत्तिकै शक्तिशाली हुन्छ । तर, प्रमुख राजनीतिक दलले नै आफ्नो संगठनसमेत उपत्यका प्रदेश र बागमती प्रदेश गरी बेग्लाबेग्लै खडा गरेका छन् । विभिन्न संघसंगठनले यसैको सिको गर्दै आएका छन् । संघीय सरकार त उपत्यकाको अधिकार आफ्नो अधीनमा राख्न उद्दत नै छ ।

यही कारण होला, आफ्नै पार्टीका प्रधानमन्त्री भएको बेला बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेल बेलाबेला बालुवाटार पुगी प्रदेशको अधिकार कटौती नगर्न जोड दिन्थे । तर, प्रधानमन्त्री पुष्पकमल दाहालले उनको कुरा सुने पो ! संघीय सरकारबाट आजित भएका मुख्यमन्त्री जम्कट्टेलले बागमती मन्त्रिपरिषद्बाटै निर्णय गराएर संघीय सरकारविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर गर्न लगाएका छन् । बागमती प्रदेश सरकारका तर्फबाट श्रम, रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्सालले आइतबार संघीय सरकारविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गराएका हुन् । प्रदेश सरकारको अधिकार हस्तक्षेप गरेको भन्दै बागमती प्रदेशले संघविरुद्ध रिट हालेको हो । प्रदेश सरकारले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय संसद् सचिवालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण, प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत कुवेर नेपालीलाई विपक्षी बनाएर रिट दायर गरेको छ ।

प्रदेशभित्र यातायातसम्बन्धी व्यवस्थापनको संविधानप्रदत्त अधिकार पाएकोमा काठमाडौं उपत्यकाका तीन जिल्लालाई बागमती प्रदेशबाट झिकी, अलग गर्न खोजेको बागमती प्रदेश सरकारको आरोप छ । बागमतीका १३ मध्ये तीन जिल्ला अलग पार्दा बागमती सरकार कमजोर हुँदै आएको भनाइ छ । हुन पनि अरु छ प्रदेशका मुख्यमन्त्री र सरकारले केहीमात्रमा भए पनि स्वायत्त अधिकार अभ्यास गर्न पाउँदा बागमतीका मुख्यमन्त्री र मन्त्रीहरू भने संघीय सरकारका कारण हात बाँधेर बस्नुपर्ने अवस्थामा छन् । त्यसैले यसअघिका मुख्यमन्त्री राजेन्द्र पाण्डेले पनि संघीय सरकारविरुद्ध मुद्दा हाल्ने चेतावनी दिएका थिए । संघीयताकै पक्षधर सरकारको नेतृत्वमा पुग्दा पनि प्रदेश कमजोर बनाउनु दुःखद विषय हो । संघीयताको मर्मअनुसार प्रदेशलाई अधिकार दिनु आजको आवश्यकता हो । त्यसैले सरकारले तदारुकताका साथ ऐनकानुन बनाएर संघीय संरचनालाई बलियो बनाओस् । यसका लागि आवश्यक अधिकार प्रत्यायोजनमा विलम्ब नगरियोस् ।

# राष्ट्रसंघीय महासचिवको भ्रमणले शान्ति मिसनमा जगाएको आशा



कृष्ण अधिकारी

> शान्ति सेनामा सक्रिय सहभागिताले मुलुकको कूटनीतिक इतिहासमा नयाँ इँटा थप्ने अवसरमात्र दिएको छैन, विश्व मञ्चमा आफ्नो उपस्थितिलाई सार्थक तुल्याउने महत्त्वपूर्ण अवसर पनि प्राप्त भएको छ । नेपालको परराष्ट्र नीतिको मार्गदर्शनका सिद्धान्तमा नै शान्ति र मानवअधिकार रहेकोले द्वन्द्वरत मुलुकमा खटिएर जाने सैनिकले पनि यसलाई नै मूलमन्त्र बनाएका छन् । विभिन्न द्वन्द्वरत देशहरूमा नेपालले पुऱ्याएको योगदान संसारका शक्तिशाली, वैभवशाली, शान्तिकर्मी राष्ट्रहरूले नजिकबाट हेरिरहेकाले नेपाललाई ती देशहरूमा आफ्नो शान्तिप्रति प्रतिबद्धताको छवि विस्तार गर्ने राम्रो अवसर मिलेको छ ।

नेपालको चारदिने औपचारिक भ्रमणमा आएका संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले आइतबार उच्च सरकारी अधिकारी एवं प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूसँगको भेटमा राष्ट्रसंघ र नेपालबीचको लामो मित्रवत् सम्बन्धका बारेमा चर्चा गरे । खासगरी नेपालले भोग्दै आएको जलवायु परिवर्तनबाट सिर्जित समस्याप्रति उनले गहिरो चिन्तामात्र व्यक्त गरेनन्, आफ्नो कुनै संलग्नता नै नभएको विश्वव्यापी संकटको आँधीमा फसेको नेपालजस्तै राष्ट्रलाई अत्यधिक अन्तर्राष्ट्रिय सहयोग आवश्यक रहेको र यसका लागि विकसित राष्ट्र अगाडि आउनु जरुरत रहेको उल्लेख गरेबाट नेपालप्रतिको उनको स्नेह प्रस्ट झल्किन्थ्यो ।

उनले विगत ३० वर्षमा नेपालले एक तिहाइ हिउँ गुमाएको प्रसंगसमेत उल्लेख गर्दै यहाँका हिमनदी उच्चगतिमा पग्लिरहेकामा चिन्ता व्यक्त गरे । नेपाल र संयुक्त राष्ट्रंघले आपसी सहकार्य गरी काम गर्न खोजेको र यसबाट समस्याको पहिचान र समाधानका लागि अन्तर्राष्ट्रिय सहयोगको सम्भावना खोज्न सहयोग पुग्ने महासचिव गुटेरेसको भनाइले आगामी दिनमा राष्ट्रसंघसँग नेपालको सम्बन्धलाई अझ फराकिलो तुल्याउन सहयोग पुग्ने आशा गर्न सकिन्छ ।

नेपालको सामाजिक आर्थिक विकासमा राष्ट्रसंघको सहयोग उत्तिकै महत्त्वपूर्ण रहेको सन्दर्भमा शिक्षा, स्वास्थ्यलगायत सामाजिक विकासका क्षेत्रमा पुऱ्याएको सहयोगले दिगो विकास लक्ष्य हासिल गर्न सहज भएको छ । संयुक्त राष्ट्रसंघको ७८औं महासभामा भाग लिन अमेरिकाको न्युयोर्क गएका बेला प्रधानमन्त्री पुष्पकमल दाहालले महासचिव गुटेरेसलाई नेपाल भ्रमणको निम्तो दिएका थिए । राष्ट्रसंघको नेतृत्वबाट १५ वर्षपछि भएको नेपाल भ्रमणले निकै महत्त्वपूर्ण अर्थ राख्दछ । संयोग नै मान्नुपर्छ प्रधानमन्त्री दाहाल नै प्रधानमन्त्री भएका बेला यसअघि महासचिव बानकी मुनले नेपाल भ्रमण गरेका थिए । विश्वमा इजरायल र हमासबीच युद्ध चर्किरहेको छ भने लेबनान, सिरियालगायत विभिन्न देश अशान्त बनिरहेका बेला पनि संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले नेपाल भ्रमणलाई प्राथमिकता दिनु आफैंमा पनि महत्त्वपूर्ण विषय हो ।

भ्रमणका बेला नेपालका सुरक्षाकर्मीले राष्ट्रसंघ मातहत रहेर विश्वका द्वन्द्वग्रस्त मुलुकमा पुऱ्याउँदै आएको शान्ति स्थापनाका बारेमा प्रधानमन्त्री, परराष्ट्र, रक्षा र गृहमन्त्री तथा प्रमुख राजनीतिक दलका नेताहरूसँगको भेटवार्तामा पनि छलफल भएको थियो । यसले आगामी दिनमा थप शान्ति सैनिक पठाउन र युएनका माथिल्लो तहमा पनि नेपाली पदाधिकारीलाई पुग्नका लागि सहज हुने विश्वास गरिएको छ । नेपालको यस भ्रमणले कुनै न कुनैरूपमा नेपालको मुद्दा अन्तर्राष्ट्रिय समुदायमाझ पुऱ्याउन मद्दत गरेको छ । संयुक्त राष्ट्रसंघसँग नेपालको सम्बन्ध खासगरी शान्ति सेना, जलवायु परिवर्तन, दिगो विकास लक्ष्य, शान्ति प्रक्रिया अनि अन्य आर्थिक-सामाजिक विकासका मुद्दाका कारण गहिरो गरी जोडिएको छ ।

महासचिव गुटेरेसको भ्रमणले आगामी दिनमा विश्व शान्ति स्थापनामा नेपालले पुऱ्याउँदै आएको योगदानको उच्च कदर हुने वातावरण मिलेको छ । संयुक्त राष्ट्रसंघको विश्व शान्ति अभियानमा नेपालको ६५ वर्षदेखि दर्बिलो साथ र सहयोग रहँदै आएको छ । अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने, राष्ट्रबीच मैत्रीपूर्ण सम्बन्ध विकास गर्ने तथा आर्थिक, सामाजिक, सांस्कृतिक वा विश्व कल्याणकारी प्रकृतिका अन्तर्राष्ट्रिय समस्या समाधान गर्ने संयुक्त राष्ट्रसंघको मुख्य उद्देश्य हासिल गर्न नेपाल सुरुदेखि नै सक्रिय रहेको छ । नेपालले संयुक्त राष्ट्रसंघको विश्व शान्ति प्रयासमा शान्ति सेना पठाएर आफ्नो औकातअनुसारको प्रभावकारिता देखाएको छ । संयुक्त राष्ट्रसंघको शान्ति सेना कार्यक्रम त्यसको एउटा मुख्य अंग हो । नेपाली सेनाले जटिल खालका द्वन्द्वग्रस्त क्षेत्रमा गएर शान्ति, अन्तर ाष्ट्रिय सुरक्षा स्थापनामा छ दशकभन्दा बढी महत्त्वपूर्ण योगदान गरिसकेको छ ।

विश्वमा शान्ति स्थापनाका लागि नेपाली सेनाको योगदान उच्च रहेको छ । नेपाल भौगोलिक हिसाबले सानो, दुई शक्तिशाली छिमेकी राष्ट्रका बीचमा तरुलजस्तै रहेको भए पनि यसको वीरताको गाथालाई कसैले भुलेका छैनन् । पछिल्लो समयमा विश्वलाई चिनाउने गरी नेपाली सेनाले संयुक्त राष्ट्रसंघको शान्ति स्थापनामा काम गरिरहेको छ, जुन नेपालको गौरवको विषय हो । शान्ति सेनामा पुऱ्याएको योगदानकै कारण नेपालले सन् १९६९ र १९८८ मा दुई पटक राष्ट्रसंघीय सुरक्षा परिषद्को अस्थायी सदस्य हुने अवसरसमेत पायो ।

त्यतिमात्र होइन, विभिन्न विश्व मञ्चमा नेपालले आफ्नो विश्व शान्ति, मानवअधिकारको प्रत्याभूति र साना राष्ट्रको सवालमा प्रस्टसँग राख्ने अवसर पाएको छ । भगवान गौतम बुद्धको जन्मस्थल र विश्वको सर्वोच्च शिखर सगरमाथाको देशबाट परिचित नेपाल पछिल्लो ६० वर्षदेखि उत्कृष्ट र अब्बल शान्ति सेनाको देशको नामबाट पनि चिनिन थालेको छ । विश्व शान्ति स्थापनामा सेनाबाट आर्जित शक्तिले विकास गरेको कूटनीतिकै कारण नेपाललाई आज विश्वले चिनेको छ ।

सन् १९५५ मा संयुक्त राष्ट्रसंघको सदस्य बनेदेखि नै नेपालले खासगरी विश्व शान्तिका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । सन् १९५८ मा राष्ट्र संघको विशेष आग्रहमा नेपाल सरकारले पहिलोपटक द्वन्द्वग्रस्त मुलुक लेवनानमा पाँच नेपाली सैनिक पर्यवेक्षक टोली खटाएको थियो । सन् १९७४ मा इजिप्टमा नेपाली सेनाको श्री पुरानो गोरख गण पहिलोपटक कन्टिनजेन्टका रूपमा खटिएको थियो । यस अवधिमा लगभग ४४ मिसनमा एक लाख ४६ हजार ६२३ नेपाली शान्ति सैनिकले भाग लिइसकेका छन् । सात अगस्ट, २०२२ को तथ्यांकअनुसार संसारका १२ मिसनमा पाँच हजार ५६८ र नेपाली सेना (जसमा २९५ जना महिला) र यीमध्ये १९४ जना सशस्त्र प्रहरी बलबाट र ४२ जना प्रहरीबाट सहभागी भएका छन् । नेपाल संयुक्त राष्ट्रसंघको शान्ति सेनामा योगदान दिने दोस्रो देश बनेको छ ।

नेपाली सेनाले १० देशमा शान्ति स्थापना कार्यका लागि तैनाथ ११ विभिन्न मिसनमा सक्रिय सहभागी भई आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरिरहेको छ । यस अवधिमा सेनाले उच्च पदस्थ सैनिक अधिकारीदेखि मिलिटरी कन्टिनजेन्ट, पर्यवेक्षक र स्टाफ, अफिसर, मेडिकल डाक्टर तथा इन्जिनियरसम्मका जनशक्तिले विश्व शान्ति स्थापनामा काम गरिसकेका छन् । ती द्वन्द्वरत मुलुकहरूमा संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना टोलीमार्फत देशको छवि उँचो बनाउँदै विश्वव्यापी मानवअधिकारका लागि नेपाली शान्ति सैनिकले पुऱ्याएको योगदान कम महत्त्वपूर्ण छैन ।

शान्ति सेनामा सक्रिय सहभागिताले मुलुकको कूटनीतिक इतिहासमा नयाँ इँटा थप्ने अवसरमात्र दिएको छैन, विश्व मञ्चमा आफ्नो उपस्थितिलाई सार्थक तुल्याउने महत्त्वपूर्ण अवसर पनि प्राप्त भएको छ । नेपालको परराष्ट्र नीतिको मार्गदर्शनका सिद्धान्तमा नै शान्ति र मानवअधिकार रहेकोले द्वन्द्वरत मुलुकमा खटिएर जाने सैनिकले पनि यसलाई नै मूलमन्त्र बनाएका छन् । विभिन्न द्वन्द्वरत देशहरूमा नेपालले पुऱ्याएको योगदान संसारका शक्तिशाली, वैभवशाली, शान्तिकर्मी राष्ट्रहरूले नजिकबाट हेरिरहेकाले नेपाललाई ती देशहरूमा आफ्नो शान्तिप्रति प्रतिबद्धताको छवि विस्तार गर्ने राम्रो अवसर मिलेको छ । नेपालको परराष्ट्र नीतिको एउटा मुख्य आधार भनेको संयुक्त राष्ट्रसंघमा खेल्ने भूमिका हो । शान्ति सेनामा ठूलो संख्यामा भाग लिनुले नेपालको परराष्ट्र नीतिमा राम्रो सफलता भएको छ । राष्ट्र सफल हुन आन्तरिक र परराष्ट्र नीति दुवैमा सफल हुनुपर्छ । यी दुवै एकै सिक्काका दुई पाटा हुन् ।

विश्व शान्ति र मानवअधिकार संरक्षणमा सैनिक योगदानकर्ताका रूपमा नेपाल दोस्रो स्थानमा छ । नेपालबाट नेपाली सेनातर्फ छ हजार ६४, नेपाल प्रहरीबाट ४४ र सशस्त्र प्रहरी बलका १९४ जना गरी कूल छ हजार २९९ जना शान्ति सैनिक विभिन्न मुलुकमा खटिएका छन् । यो संख्या केवल पहिलो मुलुक बंगलादेशले पठाएका सुरक्षाकर्मीभन्दा ९८० ले मात्र कम हो ।

शान्ति मिसनमा महिला सैनिकतर्फ उच्च योगदान दिने राष्ट्रहरूको सूचीमा भने नेपाल विश्वमै एक नम्बरमा रहेको छ । नेपालले विश्वकै सबैभन्दा धेरै ६१२ जना महिला शान्ति सैनिकमा पठाएको छ । पहिलो नम्बरमा रहेको बंगलादेशले ५६६ र तेस्रोमा रहेको भारतको १२५ जना महिला शान्ति सैनिक रहेका छन् । नेपाल सरकारले अब १० हजार शान्ति सैनिक पठाउने तयारी गरेको छ । नेपाली सैनिकको माग उच्च छ, जतिखेर पनि फेरि माग हुने भएकाले थप सैनिक पठाउन सक्नेगरी तयारी अवस्थामा रहेको सरकारको भनाइ छ । यदि त्यति संख्यामा नेपाली सैनिकलाई पठाइएमा नेपाल पहिलो स्थानमा आउन सक्ने अवसर रहेको छ ।

संयुक्त राष्ट्रसंघको शान्ति सेनामा पहिलो नम्बरको देश हुन सकेको अवस्थामा नेपालको आर्थिक, राजनीतिक र कूटनीतिक महत्त्व निहीत हुन्छ । आर्थिकरूपमा त्यहाँ खटिने सैनिकले पाउने पारिश्रमिकले उनीहरूको आर्थिकस्तरमा सुधार ल्याउन मद्दत नै पुग्दछ । राजनीतिक दृष्टिले विश्व शान्तिमा व्यावहारिकरूपमै योगदान दिनसक्ने हैसियतमा नेपालको वर्चस्व बढ्छ । कूटनीतिकरूपमा राष्ट्रसंघको महासभामा सुरक्षा परिषद्को अस्थायी सदस्यमा चुनाव लड्न थप बल पुग्छ । पछिल्लो समय कूटनीतिकरूपमा लबिइङ गर्न नसक्दा महासभाको सभापति र सुरक्षा परिषद्को अस्थायी सदस्यका लागि भएका निर्वाचनमा पराजय भोग्नुपरेको तीतो अनुभव छ ।

द्वन्द्वरत मुलुकमा शान्ति स्थापना नेपाली सेनाले प्रस्तुत गर्दै आएको कार्यकुशलता र व्यावसायिक दक्षताको राष्ट्रसंघले प्रशंसा गर्दै आएको छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले हालै संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्को बैठकमा विश्व शान्ति स्थापनामा नेपाली सैनिक विश्वमा लोकप्रिय बन्दै गएको बताएका छन् । उनले विश्व शान्ति स्थापनामा नेपाल महत्त्वपूर्ण साझेदार रहेको र यो साझेदारी युगौंसम्म कायम रहने विश्वास पनि व्यक्त गरेका छन् । *रासस*

## मनन्योग्य

### चाणक्य नीति

केही बेरपछि तिनले मनमा गुने, यी ब्राह्मण देवताको कुशसँग यत्रो रिस किन ? चाणक्यले फर्केर हेरे- अगाडि राजसी पहिरनमा कुनै बृद्ध खडा छन् । रावीमा कैथियानहरूको (कठ) राज्य थियो । उनीहरू हम्मेसी आत्मसमर्पणका पक्षमा थिएनन् । कठहरूसँगको युद्धमा विजय पाउन सिकन्दरलाई बडो मुस्किल पऱ्यो । धेरै सिपाही मर्नुका साथै त्यस डरलाग्दो युद्धले सिपाहीको उत्साह भंग भयो । कठ राज्य नगिचै सौभूति राज्य थियो । त्यहाँका राजाले भने सिकन्दरसमक्ष आत्मसमर्पण गरे ।

सिकन्दर कैथियान (कठ) बाटै फिर्ता भएको थियो । उसले व्यास नदी पार गर्न सकेन । तर, हिँडेर नथाक्ने चाणक्य अर्थात् विष्णुगुप्त मगधमा आई सोच्न लागे- मैले यसभन्दा अगाडि मेरा परिचितसँग भेट्नु के उचित होला ? अहं उचित छैन भन्ने पनि सोची मैले बाहिर नै बस्नु उपयुक्त छ भन्ने ठान्दै सहरबाहिर एउटा झुपडी निर्माण गरी नजिकै गाउँमा बालकहरूलाई शिक्षा दिने कार्य प्रारम्भ गरे ।

व्यास नदीका किनारमा पुगेपछि सिकन्दरलाई थाहा भयो- पारितिरको उर्वरा भूमिमा बलवान् किसानहरूको गणराज्य छ । त्यो राज्यको शासन अत्यन्तै सशक्त छ । त्यस राज्यदेखि पर फैलिरहेको नन्दको साम्राज्य मगध छ । मगधमा ठूलो सेनाका साथै हात्तीहरूको बाहुल्य रहेको छ । यस्तो सूचनाले सिकन्दरका सैनिकहरूको हृदय काम्यो । विवश भएर झेलम नदीकै बाटो गरी सिकन्दरका सैन्यहरू आफ्ना देशतिर फर्किए ।

झोपडीका वरपर कुश उम्रिएको थियो । एक दिन उनका खुट्टामा कुशको टुसोले घोच्यो । बाटो सफा गर्दा पहिलेदेखि दुई-तीनपटक कुशले घोचेको थियो। त्यसलाई काटेका थिए तर यसपटक उनलाई साह्रै रिस उठ्यो । सबै कुश हातले उखल्न थाले । उखल्दै खाडल परेका स्थानमा माटो हाल्दै गर्दथे । त्यसो गर्दा उनी पसिनाले निथुक्कै भिजे तर पनि कुश उखल्न छाडेनन् । मिसिनजस्तो बनेर काम गर्दै थिए। उनले अलिकति पनि थाहा पाएनन् कि पछाडिबाट कुनै मानिसले पनि उनलाई हेरिरहेछ ।

त्यो हेर्ने व्यक्ति सोच्तै आफ्नो मनमनै भन्थ्यो- 'कति आवेश र प्रतिशोध छ यस व्यक्तिमा, कसरी कुशले गरेको अहितलाई सम्झेर फेदैदेखि कुश नष्ट गर्दैछन् यी व्यक्ति ? सायद मेरो कामका लागि यिनै व्यक्ति उपयुक्त होलान् कि !

क्रमशः





वैकुण्ठ भण्डारी



# च्यापिएको पितृसत्तात्मक व्यवस्था !

टिरिंगऽऽ टिरिंग बजेको मोबाइल फोन अलि परै छ । आजकल इन्टरनेटको प्रयोगले गर्दा लाइनवाला फोन भित्तामा सजिएर बसेको छ । विचरा कहिल्यै बज्दैन आजकल । बैठक कोठाको दक्षिण कुनामा रहेको सानो टेबलमा हल्का रङ खुइलिएको टेलिफोन सेटतिर आँखा घुमाउँछन् पञ्चरत्न ।

मोबाइलमा जति नै घण्टी बजे पनि पञ्चरत्नको आँखा सबैभन्दा पहिले त त्यही खुइलिएको टेलिफोनमा पर्ने गर्छ । अनिमात्र मोबाइलमा । सेतै कपाल फुलेका पञ्चरत्न पावरवाला चस्मा टेबलबाट तानेर आँखालाई अलि प्रस्ट बनाउन खोज्छन् । चस्मा लगाएपछि अघिदेखि टिरिंगऽऽ टिरिंग बजेको मोबाइल फोनको 'भाइबर' आएको नाम नियाल्दै चोरी औंला घिसार्दै फोन 'रिसिभ' गर्छन् ।

*हेलो !*

*उताबाट आवाज आउँछ । बाऽ ढोग गरें । के छ तपाईको स्वास्थ्य ?*

*अलि घिर्रघिर्र गर्दै ठीकै छ बाबु । आफ्नै घरमा परदेशीजस्तै भइएको छ । के हुनु बरु यो सास गए पनि ठीकै हुन्थ्यो ।*

*उताबाट फेरि सोध्छ- अनि आमाको के छ नि ?*

*के हुनु बिहान उठेदेखि पूजापाठ, धर्मकर्म उही त हो नि । त्यसले जति नै धर्मकर्म गरे पनि भाग्य खोटै रहेछ । यो बूढेसकालमा बाउबाजेले समेत नभोगेको कर्म गर्नुपरेको छ । अनि तेरो के छ नि ? उही त हो नि बा । कार्यालयको काम गर्न पाएको छैन । मानसिक रूपमा केही गर्न सकिँदो रहेनछ ! म त यति नालायक छु जस्तो लाग्न थाल्यो कि खै के भनौं ।*

*के गर्छस् त ! हामीले पनि यस्तो हुन्छ होला भन्ने सोचेका थिएनौं । तँलाई पढायौं लेखायौं । डाक्टर बनायौं सबैको सल्लाहमा बिहे पनि गरायौं । तर, खै कुन जुनीको पाप लाग्यो हो ! सोच्दै नसोचेको पनि हुँदो रहेछ । हामी बूढाबूढीलाई कुन बेला सिध्याइदिने हो अत्तोपत्तो छैन । पुर्खाले छाडेको माटोमा आफ्नै पसिनाले बनाएको घरमा त्रसित भएर बस्नुपरेको छ । तैंले पनि छाडेर गएसी हाम्रो त सास पनि अड्किरहन्छ कुन बेला के हुन्छ खै !*

*पञ्चरत्नको कुरा सुनेर छोरो भन्छ- के गरौं त भन्नु न । म फर्केर आउँ त ?*

*भैगोभैगो नआइजो, तँलाई देखेपछि झन् के भूत चढ्ने हो लुछेरै मार्छे । श्रीमती हुनुपर्ने कुमती परेपछि कसको के लाग्दो रहेछ र ! धन र सम्पत्तिका लागि आफ्नै लोग्नेलाई नछाड्नेले अरुलाई के बाँकी राख्ला र ? हामीलाई त के-के वात लाग्या छ लाग्या छ । यो बूढेसकालमा हरेक दिन पुलिसको दैला हाजिर गर्ने जागिर पो भाको छ त ? धाउँदा धाउँदै बाटैमा गइएला जस्तो ।*

*सर्पलाई जति नै दूध पिलाए पनि आखिर विष नै ओकल्ने रैछ त ? भैगो छाड्दिऊँ यस्ता कुरा । यही कुराले अस्ति तेरी आमा झण्डै गइसकेकी थि । धन्न समयमा नै अस्पताल पुऱ्याउन पाकाले भगवान्ले बचाए ।*

पञ्चरत्नका बाबु छोराको फोनवार्ता एउटा प्रतिनिधि घटनामात्र हो । अहिले नेपालका धेरै परिवारमा यस्तै समस्या विकराल हुँदै गइरहेको छ । पितृसत्तात्मक व्यवस्था भनिएको नेपालका परिवारभित्र पितृसत्ता त च्यापिएको छ नै । त्यसले पितृ हुन लागेका वृद्धहरूलाई दैनिकजसो रुवाइरहेको छ ।

पढेलेखका केही बुहारीले स्वतन्त्रताको नाममा गरेका कुकृत्यका कारण पञ्चरत्नजस्ता पात्रहरूलाई आफ्नै जन्मभूमि र जन्मघर नै पराइजस्तो भएको छ । पञ्चरत्नको सानो र सुखी परिवार दुई छोरी एक छोरा सबै उच्च शिक्षा हासिल गरेका, त्यो पनि विदेशबाट ।

पढेलेखेका छोरीहरूलाई परम्परागत रूपमा नै अन्माएर पठाएका पञ्चरत्नका बाबु बाजे कोही पनि अहिलेसम्म पुलिस अड्डा जानु परेको थिएन । तर, पञ्चरत्नको परिवारमा जब डाक्टर छोराको धुमधामसँग बिहे गरेर बुहारी भित्र्याए त्यसपछि सुरु भयो पञ्चरत्नको दुःखका दिन ।

तीन बीस र १० नाघेका पञ्चरत्नको घरमा खुसी त्यही दिनबाट सकियो जुन दिन बुहारी भित्रन नपाउँदै पितृसमानका सासू ससुरालाई घर निकाल्ने कुचेष्टा गरिन् । आफू पनि पढेलेखेको बुहारी भएर नपढेका सासू ससुरालाई बुझाउने त कता हो कता । उल्टै डिंग हाँक्न थालिन् । पञ्चरत्न एकमात्र छोरा जसले बिहेको भोलिपल्टै पञ्चरात फर्काउन नपाउँदै श्रीमतीको झापट भेटे । धुमधाम गरी परम्परा धानेरै भित्र्याएको भोलिपल्टै डाक्टर छोरामाथि बुहारीको स्वतन्त्रताले छापा मार्न थाल्यो ।

एउटै पलङमा पल्टिएर पतिभन्दा प्रेमीसँग मस्किन पाउनुपर्ने पश्चिमाहरूको शैली बुहारीका लागि स्वतन्त्रता थियो । त्यही स्वतन्तता नपाउँदा आज पञ्चरत्नले पुलिस अड्डा धाउनुपरेको छ अनि छोरा बुहारीकै कारण घरमा बस्न नसक्नेगरी बाहिरिएको छ । सायद पञ्चरत्नको ७० वर्षे उमेरमा सेतै भएका आँखीभौसमेत भिज्ने गरी झरेका आँसुले पितृसत्तात्मक भन्ने व्यवस्थालाई पनि जिस्काइरहेको छ । नेपालको कानुनले दिएको अधिकारको दुरूपयोग गर्दै महिला अधिकारकर्मीहरूले पुरुषको वेदनामाथि पौडी खेलिरहेका छन् ।

चाहे विदेशमा रगत पसिना बगाएर कमाएको रकम यता श्रीमतीले चौपट्ट पारेको घटना होस् वा बिहे गरेको केही दिनमै सम्बन्ध विच्छेद गरेर अंश माग गर्ने बढ्दो घटना नै किन नहोस् । नेपाली समाज कुन मोडतिर लम्किरहेको छ । सामाजिक मूल्य मान्यताहरू कतातिर रुमल्लिरहेको छ भन्ने प्रश्न अहिले पेचिलो बन्दै गएको छ ।

७० वर्षको उमेर घरबाट बाहिरिनुपर्ने अवस्था पञ्चरत्नको जीवनमा आउनुपर्ने हो ? बिहे गरेको भोलिपल्टै अर्थात् एकै रातमा प्रताडित भएर डाक्टर पढेको छोरो पलायन हुनुपर्ने अवस्था हो ? त्यसो भए डाँडामाथिको घाम जस्तै पञ्चरत्नहरू माथि न्याय कसले दिने त ?

पञ्चरत्नजस्ता वृद्धहरूको अधिकार सुरक्षित कसले गरिदिने ? प्रजातान्त्रिक स्वतन्त्रता खोज्ने सामाजिक मूल्य र मान्यतालाई तिलाञ्जली दिएर पञ्चरत्नहरूमाथि धावा बोल्ने बुहारीजस्ता पात्रहरूकै दबदबा बढ्ने हो र ? महिला होस् या पुरुष, सासू हुन् या बुहारी धनी होस् या गरिब । जस्तोसुकै होस् । न्याय नमरोस् । न्याय नखोसियोस् । पीडितले न्याय पाओस् । पितृसत्तात्मक व्यवस्थाको डिंग हाँकेर त्यही पितृहरूमाथि अन्याय नहोस् । पञ्चरत्नलेजस्तो ७० वर्षको उमेरमा विनाकारण पुलिस अड्डा खेप्नुपर्ने अवस्थाको अन्त्य होस् ।

महासचिव गुटेरेसको लुम्बिनी भ्रमण

# पर्यटन प्रवर्द्धनमा मद्दत पुग्ने विश्वास

**लुम्बिनी–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस बुद्ध जन्मस्थल लुम्बिनीको भ्रमण गर्ने भएपछि लुम्बिनी क्षेत्रका बासिन्दा उत्साहित भएका छन् । महासचिव गुटेरेसको लुम्बिनी भ्रमणले लुम्बिनी र गौतमबुद्धको शान्तिको सन्देश विश्वभर थप प्रचारप्रसार हुने र लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धनमा मद्दत पुग्ने अपेक्षा पनि गरिएको छ ।

विश्वमा शान्ति स्थापनामा विशेष भूमिका खेल्दै आएको विश्व संस्था संयुक्त राष्ट्रसंघका महासचिवले शान्तिका अग्रदूत गौतमबुद्धको जन्मस्थल लुम्बिनीको भ्रमण गर्ने भएपछि लुम्बिनी क्षेत्रका बासिन्दाहरू पनि उत्साहित भएका छन् ।

महासचिव गुटेरेस आज (मंगलबार) बिहान करिब ९ बजे लुम्बिनी आइपुग्ने कार्यक्रम तय भएको लुम्बिनी विकास कोषले जनाएको छ । लुम्बिनी विकास कोषले महासचिव गुटेरेस हिँड्ने सडकलाई कालोपत्र गर्नेदेखि सरसफाइलाई विशेष ध्यान दिएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहालसहित लुम्बिनी आउन लागेका महासचिव गुटेरेसको स्वागतका लागि सरसफाइ, सौन्दर्यकरणदेखि सुरक्षासम्मको तयारी पूरा भएको कोषका उपाध्यक्ष डा.ल्यारक्याल लामाले जानकारी दिए । महासचिव गुटेरेसको भ्रमणलाई स्मरणीय बनाउन लुम्बिनी विकास कोषसहित रूपन्देहीका सुरक्षा निकाय, स्थानीय प्रशासन तथा स्थानीय तहका पदाधिकारीले आपसी समन्वयमा तयारी गरिरहेका छन् ।

उपाध्यक्ष लामाले महासचिव गुटेरेसको स्वागत र सम्मानमा कुनै कमी नआउने बताए । 'राष्ट्रसंघका महासचिवको नेपाल भ्रमण हुँदा सबै महासचिव लुम्बिनी आउने प्रचलन रहँदै आएको छ,' उनले भने, 'नेपालका प्रधानमन्त्रीले लुम्बिनीमा आएर महासचिवलाई स्वागत गर्न लागेको यो पहिलो हो, त्यसैले पनि यो भ्रमणलाई विशेष महत्त्व दिएर हामीले हाम्रोतर्फबाट सबै तयारी गरिरहेका छौं ।'

सिद्धार्थ होटल एसोसिएसनका अध्यक्ष गोविन्द ज्ञवालीले राष्ट्रसंघका महासचिवको भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनी भ्रमणले यस क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय क्षेत्रमा थप प्रचारप्रसार हुने भएकाले लुम्बिनीको पर्यटन क्षेत्रलाई उत्साहित बनाएको बताए । उनले महासचिवको लुम्बिनी भ्रमणबाट बुद्धका शान्तिको सन्देश संसारभर फैल्याउन थप प्रभावकारी हुने भन्दै खुसी व्यक्त गरे ।

महासचिवको सुरक्षाका लागि जिल्ला सुरक्षा समितिको बैठक बसेर आवश्यक सुरक्षा रणनीतिहरू तय गरिएको छ । रूपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीका जिल्ला प्रमुखसहित कोषका पदाधिकारीको उपस्थितिमा सुरक्षा रणनीति बनाइएको हो ।

रूपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले महासचिव गुटेरेसको सुरक्षाका लागि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलदेखि लुम्बिनीसम्मको आवश्यक सुरक्षा व्यवस्था बलियो बनाइएको बताए । उनले समग्र रूपन्देही जिल्ला र भ्रमण हुने क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको पनि बताए ।

महासचिवको भ्रमणको सुरक्षा व्यवस्थाका लागि तीनवटै सुरक्षा निकायका जनशक्ति परिचालन गरिएको र सुरक्षा संवेदनशील क्षेत्रको पहिचान गरी व्यवस्थापन गरिएकोसमेत प्रजिअ अर्यालले जानकारी दिए ।

महासचिव गुटेरेसले करिब डेढ घण्टा लुम्बिनीमा बिताउने कार्यक्रम तय गरिएको छ । डेढ घण्टाको अवधिमा उनले लुम्बिनीस्थित मायादेवी मन्दिरमा विशेष पूजाआजा गर्नुका साथै अशोक स्तम्भ अघिबाट सम्बोधन गर्ने कार्यक्रम रहेको छ । उनलाई लुम्बिनी विकास गुरुयोजना, उत्खनन, अन्वेषण, अनुसन्धान र ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका विषयमा लुम्बिनी विकास कोषले जानकारी गराउने कार्यक्रम रहेको विकास कोषका सदस्यसचिव सानुराजा शाक्यले बताए ।

गुटेरेस लुम्बिनी भ्रमण गर्ने राष्ट्रसंघका छैटौं महासचिव हुन् । राष्ट्रसंघका तत्कालीन महासचिव ऊ थान्तले सन् १९६७ मा राष्ट्रसंघको महासचिवका रूपमा लुम्बिनी भ्रमण गर्ने प्रथम महासचिव छन् । राष्ट्रसंघका महासचिवका रूपमा थान्तको लुम्बिनी भ्रमणपछि नै लुम्बिनीको योजनाबद्ध विकासको सुरुआत भएको मानिन्छ ।

जापानी वास्तुकलाविद् प्राध्यापक केन्जो टाँगेले राष्ट्रसंघका तत्कालीन महासचिव थान्तकै आग्रहमा सन् १९७८ मा लुम्बिनी गुरुयोजना तयार गरेका हुन् । संयुक्त राष्ट्रसंघका महासचिवका रूपमा ऊ थान्तको लुम्बिनी भ्रमणपछि नै लुम्बिनीको विश्वव्यापी प्रचार भएको थियो । यस्तै राष्ट्रसंघको महासचिवका रूपमा सन् १९८१ मा कर्ट वाल्डहिमले, ह्याभियर पेरिज द कोयरले सन् १९८९ र बान कि मुनले सन् २००८ मा लुम्बिनीको भ्रमण गरेका थिए । *रासस*

## प्रहरी नियन्त्रणमा रहेका अभियुक्त फरार

**दाङ (प्रस)–** चोरी गरेको अभियोगमा दाङ प्रहरीको नियन्त्रणमा रहेका एक व्यक्ति सोमबार फरार भएका छन् । फरार हुनेमा घोराहीका २८ वर्षीय विवेक नेपाली रहेको जिल्ला प्रहरी कार्यालय दाङका प्रमुख प्रहरी उपरीक्षक रामबहादुर केसीले जानकारी दिए । नेपालीलाई तीन दिनअघि प्रहरीले पक्राउ गरेको थियो ।

स्वास्थ्य उपचारका लागि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही लगेका बेला नेपाली फरार भएको प्रहरी उपरीक्षक केसीले जानकारी दिए । शौचालय जान्छु भनी भागेपछि अहिले उनको खोजी भइरहेको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EAST GAS COMPANY FACTORY

पुर्व स्वीकृति मिति २०८०/०७/१३ LT. No. 294248 चलानी नं. ६०२०९४८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drilling Worker | 1 | 0 | 3200 | ११३,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : OFUQ AIR CONDITIONING COMPANY RIYADH

पुर्व स्वीकृति मिति २०८०/०७/१३ LT. No. 293597 चलानी नं. ६०२०९४८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heating, Ventilation And Air Conditioning Technici | 6 | 0 | 2500 | ८८,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mechanical Engineer | 1 | 0 | 5500 | १९५,१०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २१ गते (7th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Landmark Manpower Solution Pvt. Ltd.**

श्रम ईजाजत नं. ७६२/०६४/०६५

P. O. Box: 26407, Basundhara Chowk Near by Bangladesh Embassy, Kathmandu, Nepal.
Phone No.: 01-4970092, 014970093 & +9779803580841
Email: applicant.landmark@gmail.com, Website: www.lmmanpower.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARINA SOFA SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०९/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१३ LT. No. 276190 चलानी नं. ६०१९४८८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 1 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २१ गते (7th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ता**: रु.२,००२/- कामदार आफैले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.**

श्रम ईजाजत नं. १२३८/०७४/०७५

Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HYPER PETSCENTRE (M) SDN BHD

पुर्व स्वीकृति मिति: २०८०/०७/१० LT. No. 276129 चलानी नं.६०१९५६०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Store Keeper | 18 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २१ गते (7th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Richhood Overseas Inc. Pvt. Ltd.**

Govt. License 539/061/062

Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GABUNGAN PENAGA (M) SDN BHD

पुर्व स्वीकृति मिति : २०८०/०७/१० LT. No. 294411 चलानी नं.६०२०९४७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANUFACTURE | 10 | 0 | 1500 | ४१,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २१ गते (7th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ११७७/०७३/०७४

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



### नारायण माध्यमिक विद्यालय

केशरगञ्ज ईश्वरपुर, सर्लाही

स्थापना:– २०२० साल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति: २०८०।०७।१४

यस विद्यालयबाट मिति २०८०।०६।०७ मा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता भएका बोलपत्रदाताहरु मध्ये मूल्यांकन समितिको निर्णयानुसार देहायका बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.क. समेत) |
|---|---|---|---|
| SNSS/NCB/WorkS/01/080/081 | Construction या Incomplete School Building | श्री चाँद निर्माण सेवा एण्ड सप्लायर्स, जलेश्वर, महोत्तरी | ने.रु.९२,३९,५००।९० |

प्रधानाध्यापक



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TERRA ORGANIC FARM

पुर्व स्वीकृति मिति २०८०/०२/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१३ LT. No. : 286608 चलानी नं.: ६०२०१९९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 15 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २१ गते (7th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUHASHA LINK PVT. LTD.**

License No. : 333/059/60

Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4362338

## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: SAFARI COMPANY

पुर्व स्वीकृति मिति २०८०/०४/३० पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१३ LT. No.291009 चलानी नं. ६०२०६२११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 24 | 0 | 1000 | ३५,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २१ गते (7th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**

श्रम ईजाजत नं. ६१९/०६३/०६४

Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAMPACHI RESTAURANTS SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०५/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१३ LT. No.270950 चलानी नं.६०१८६९७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 23 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २१ गते (7th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Rasuwa Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ११३०/०७३/०७४

Airport, Kathmandu, Nepal, Phone No. +977-5906439
E-Mail : rasuwaoversease@gmail.com, Website : www.rasuwaoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRILLIANT LAUNDRY LAUNDRY

पुर्व स्वीकृति मिति २०८०/०७/०२ LT. No. 294158 चलानी नं. ६०२०९३४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laundry Worker | 1 | 0 | 1000 | ३५,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOBILE SUPPORT CONTRACTING CO.LTD.IS A ONE-PERSON COMPANY

पुर्व स्वीकृति मिति २०८०/०६/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१३ LT. No. 293795 चलानी नं. ६०२०८८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 5 | 0 | 1500 | ५३,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver Heavy Equipment | 1 | 0 | 1800 | ६३,८५५ | | | | | | | |

कम्पनी : KHALED ABBAS KHAZAL METAL INDUSTRIES FACTORY

पुर्व स्वीकृति मिति २०८०/०६/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१३ LT. No. 293275 चलानी नं. ६०२०८३३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ३५,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker | 2 | 0 | 1000 | ३५,४७५ | | | | | | | |

कम्पनी : NAS MANPOWER COMPANY

पुर्व स्वीकृति मिति २०८०/०६/०५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१३ LT. No. 292884 चलानी नं. ६०२०८०२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 45 | 0 | 1800 | ६३,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : THE EASTERN HOUSE COMPANY FOR BEVERAGES

पुर्व स्वीकृति मिति २०८०/०५/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१३ LT. No. 292040 चलानी नं. ६०२०७२३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | food and beverage counter worker | 12 | 0 | 1200 | ४२,५४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २१ गते (7th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रू. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**

श्रम ईजाजत नं. १८५/०५७/०५८

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

# प्रभाव दैनिक

रूपशाला


## प्रीतिले ल्याइन् 'आँगनैभरि फुल्यो मखमली'

तिहार नजिकिदै जाँदा तिहार लक्षित गीत संगीत पनि सार्वजनिक हुन थालेका छन् । यस्तैमा गायिका प्रीति रिमालको स्वर रहेको गीत 'आँगनै भरी फुल्यो मखमली' सार्बजनिक भएको छ । सुजन बाबु गुरूङ्को शब्द तथा संगीत रहेको गीतमा जीवन बडुको संगीत संयोजन छ । गीतको भिडियोमा पनि गायिका रिमालले नै अभिनय गरेकी छन् । रिमाललाई अभिनयमा मोडल सरोज माझीले साथ दिएका छन् । सुजन बाबु गुरूङ्को निर्देशन रहेको भिडियोमा तिहारको समयमा दिदीबहिनीमा दाजुभाई हुँदा र नहुँदा हुने गतिबिधि र मनोभाव देखाउन खोजिएको छ ।




मंगलबार, १४ कात्तिक २०८० (Tuesday, October 31, 2023)


## 'नेप्को इन्टरटेन्मेन्ट म्यूजिक अवार्ड'का उत्कृष्ट पाँच मनोनयन सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** पहिलो संस्करण 'नेप्को इन्टरटेन्मेन्ट म्यूजिक अवार्ड २०८०'का उत्कृष्ट पाँच मनोनयन सार्वजनिक गरिएको छ । नेप्को इन्टरटेन्मेन्ट प्रा.लि ले एक कार्यक्रम गर्दै अवार्डको उत्कृष्ट ५ सार्वजनिक गरिएको हो ।

'नेपाली गीत संगित कर्मिहरूको सम्मान हाम्रो अभियान' भन्ने मूल नारा रहेको अवार्डमा ३४ विद्यामा समेटिएको छ । जसमा राष्ट्रिय,आधुनिक, चलचित्र, पप ,लोक दोहोरी तामाङ गीत लगायत बिधा रहेका छन् । अवार्डमा भोट र जुरी समितिको मतलाई आधार मानेर विजेताको घोषणा गरिने कार्यक्रम नेपाल संगीत उद्योग संघका महासचिव तथा अध्यक्ष जित बहादुर रावतले बताए ।

नेप्को इन्टरटेन्मेन्ट म्युजिक अवार्डमा नेपाली गीतसंगीतको क्षेत्रमा योगदान पुऱ्याएका स्रष्टालाई पुरस्कृत गर्दै थप उत्साह प्रदान गर्ने एक जना विशिष्ट व्यक्तिलाई अवार्ड प्रदान गरिने रावतले जानकारी दिए ।

त्यस्तै, नेपाल संगीत उद्योग संघ तथा संगीत तथा चलचित्र उत्पादक समाजका अध्यक्ष सुर्य बहादुर मगरले 'नेप्को इन्टरटेन्मेन्ट म्यूजिक अवार्ड २०८०'का उत्कृष्ट पाँच मनोनयन सार्वजनिक कार्यक्रममा स्वागत मन्तव्य रादै अवार्डको फाईनल बिदेशमा हुने सम्भावना रहेको बताए ।

उनले भने, 'नेप्को इन्टरटेन्मेन्ट अवार्ड २०८०'को फाइनल बिदेशमा हुन्छ यदी त्यहा भएन भने नेपाल जिन्दावद छदै छ',।

'नेप्को इन्टरटेन्मेन्ट अवार्ड' अन्य अवार्ड भन्दा फरक रहेको मगरको दावी छ । 'नेप्को अवार्ड' पहिलो पटक भइरहेको छ । यस्ता अवार्डहरू हप्तैपिछे भइरहेको हुन्छन् नेपालमा, तर 'नेप्को अवार्ड' वर्षमा एक पटक गर्छौं भिन्न ढङ्गले गर्छौं,' उनले भने ।

'नेप्को इन्टरटेन्मेन्ट म्यूजिक अवार्ड २०८० 'को फाइनल हुने मिति भने तोकिएको छैन् ।

'नेप्को इन्टरटेन्मेन्ट म्यूजिक अवार्ड २०८० 'का उत्कृष्ट पाँच नोमिनिज सार्वजनिकमा उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकालको प्रमुख आथित्य, संगीत उद्योग संघका महासचिव तथा नेप्को इन्टरटेनमेन्टका संचालक जीत बहादुर रावतले अवार्ड कार्यक्रमको अध्यक्षता गरेका थिए । उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य शिब प्रसाद घिमिरे, कमला श्रेष्ठ, नरेशलाल श्रेष्ठको विशिष्ट आतिथ्य थियो ।

त्यस्तै, नेपाल संगीत उद्योग संघका पुर्वअध्यक्ष रूपेश कुमार श्रेष्ठ, गीतकार संघ नेपालका अध्यक्ष वसन्त वित्यासी, पुर्वअध्यक्ष चुडामणी देवकोटा, बरिष्ट कलाकार तथा निर्देशक लय संग्रोला, चर्चित गायिका राधिका हमाल, गायिका देवी हमाल, म्यूजिक डाईरीका प्रधान सम्पादक तुलसी गिरी, भावुक म्यूजिक खबरका संचालक सुमन पण्डित, गीतकार लोकराज अधिकारी, लगायतको उपस्थिति रहेको थियो भने,नेपाल संगीत उद्योग संघका कार्यसमिति सदस्य जानुका मगरले कार्यक्रमको संचालन गरेकी थिइन् ।

## चलचित्र 'अन्जिला'को छायांकन सुरु

■ प्रभाव संवाददाता



**काठमाडौं–** महिला राष्ट्रिय फुटबल टिमकी नम्बर एक गोलरक्षक एन्जिला तुम्बापो सुब्बाको जीवनबाट प्रभावित रहेको चलचित्र 'अन्जिला' को छायांकन सुरु भएको छ । मिलन चाम्सले निर्देशन गर्ने यो चलचित्रको सोमबार एन्जिलाकै जन्मथलो इलामको आइतबारे बजारमा शुभमुहुर्त गरिएको हो । इलाम, झापा र काठमाडौंमा यस चलचित्रको छायांकन हुनेछ । पहिलो दिन कलाकारहरू माओत्से गुरुङ र सिर्जना सुब्बाको दृश्यसँगै छायांकन सुरु भएको हो ।

यो चलचित्रमा एन्जिला स्वयंको मुख्य भूमिका रहनेछ । खेलमा पोख्त एन्जिला पहिलो पटक अभिनयको पनि अनुभव बटुल्दै छिन् । उनीसँगै यसमा दयाहाङ राई, मिरुना मगर, सिर्जना सुब्बा, पशुपति राई, माओत्से गुरुङ, बुद्धि तामाङ, विजय बराल, हरि खड्का लगायतको पनि अभिनय रहनेछ ।

एन्जिलाको बालापनदेखि खेल जीवनसम्मको कथामा उनले फुटबलर बन्नका लागि गरेको सङ्घर्ष र सफलताको कथालाई चलचित्रमा जोड दिइने निर्देशक चाम्सले जानकारी दिए । सफल खेलाडी बन्नु अगाडि एन्जिलाले धेरै दुःखहरू भोगेको र इच्छाशक्ति भएदेखिन् असम्भव भन्ने कुरा नहुने सन्देश चलचित्रले दिने चाम्सले बताए । निर्देशक चाम्सले यो चलचित्र ठ्याक्कै एन्जिलाको बायोपिक भने नभएको बताए । उनले ७५ प्रतिशत एन्जिलाकै जीवनी हुने तर बायोपिक भने नहुने बताए ।

निर्माता प्रेम कुमार श्रेष्ठले एन्जिलाको कष्टकर बाल्य जीवनदेखि सफलतासम्मको कथालाई चलचित्रमा देखाइने बताए । १४ वर्षदेखि एन्जिलाको अभिभावकत्व ग्रहण गर्दै आएका उनले शिक्षा-दिक्षादेखि खेलाडी बनाउने सहमतिमा हस्ताक्षर गरेर एन्जिलालाई मोरङबाट काठमाडौं ल्याएका थिए । श्रेष्ठले एन्जिलाको सङ्घर्ष र सफलताको कथाले धेरैलाई 'इन्स्पायर' गर्छ भन्ने लागेर चलचित्र बनाउन लागेको बताए ।

२०५३ मा पाँचथर जिल्लाको फाक्तेपमा जन्मिएकी एन्जिलाले १३ वर्षको उमेरदेखि नै फुटबल खेल्न सुरु गरेकी थिइन् । सन् २०१४ मा श्रीलंकामा सम्पन्न एएफसी यु-१४ गर्ल्स रिजनल ट्रफीबाट अन्तर्राष्ट्रिय प्रतियोगितामा डेब्यू गरेकी उनी २०१४ बाट राष्ट्रिय टिममा परेकी थिइन् । तर, उनी २ वर्ष बेन्चमै सीमित भइन् । त्यसयता भने उनी महिला राष्ट्रिय फुटबल टिमको भरपर्दो गोलरक्षक बनेकी छन् । एन्जिला 'पल्सर स्पोर्टस् अवार्ड २०७७' को पिपुल च्वाइस अवार्डको मनोनयनमा समेत परेकी थिइन् । यो विधामा मनोनयनमा पर्ने एन्जिला फुटबलकी एक मात्र खेलाडी हुन् ।

एन्जिला ओलम्पिक क्वालिफाईङ राउन्डमा दोस्रो राउन्ड सम्म खेल्ने पहिलो महिला गोलरक्षक हुन् । यसै गरी उनी चीनमा भएको एसियन गेम्स खेल्ने, हिरो गोल्ड कपमा भारतलाई जित्ने, साफको सेमिफाइनलमा भारतलाई जित्ने पहिलो गोलरक्षक र क्याप्टेन हुन् । उनी साफको सिल्भर मेडलिष्ट गोलरक्षक हुन् भने श्रीलंकामा भएको साउथ रिजनल जोन टुर्नामेन्टमा भारत, इरान, भुटान, ताजकिस्तान र श्रीलंकालाई जितेर पहिलो पटक गोल्ड मेडल ल्याउने गोलरक्षक हुन् । पाकिस्तान लिगमा उनी गोलरक्षक रहेर पनि दुई गोल गरेकी थिइन्, जुन गोलरक्षक खेलाडीको इतिहासमा पहिलो बनेको थियो ।

यस चलचित्रमा प्रदीप भारद्वाज र यम थापाको लेखन रहेको छ भने पटकथामा मुख्य सहायक निर्देशक गिरिराज घिमिरेले साथ दिएका छन् । सुदीप बरालको डिओपी रहने यसका सम्पादक मिलन श्रेष्ठ हुन् । मुन लभ इन्टरटेन्मेन्टको ब्यानरमा बन्न लागेको चलचित्रका निर्माता प्रेम कुमार श्रेष्ठ हुन् भने विनोद अग्रवाल र राजेश बागादिया सह-निर्माता हुन् । विनोद सुवेदी खत्री निर्माण नियन्त्रक हुन् ।



आइसिसी टी-२० विश्वकप छनोट

# सिंगापुरमाथि नेपालको जित

## युएई, ओमान र हङकङ विजयी, आज नेपाल र मलेसिया भिड्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** टी–२० विश्वकप क्रिकेट प्रतियोगिताको एसियाली क्षेत्रको अन्तिम चरणको छनोट खेलमा नेपालले सुखद सुरुआत गरेको छ । नेपालले सोमबार खेलिएको आफ्नो पहिलो खेलमा सिंगापुरलाई आठ विकेटले हरायो ।

कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस जिती पहिले ब्याटिङको निर्णय लिएको सिंगापुरले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर एक सय ४५ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको नेपालले भने १६.३ ओभरमा दुई विकेट गुमाएर एक सय ४७ रन बनाउँदै विजय लक्ष्य पार गरेको थियो ।

नेपालले पालीको गतिलो सुरुआत गरेको थियो । कुशल भुर्तेल र आसिफ शेखले ओपनिङ विकेटका लागि ८४ रनको साझेदारी गरेका थिए । कुशल भुर्तेलले टोलीका लागि ७४ रनको योगदान गरे । उनले केवल ४८ बलको सामना गरी दुई छक्का र आठ चौका हिर्काए । उनले २६ बलमा आफ्नो अर्धशतक पुरा गरेका थिए । उनले दुई छकका र ६ चौकाको मद्दतले अर्धसतक पुरा गरेका हुन् ।

नेपालको पहिलो विकेटका रूपमा आसिफ शेख पेभेलियन फर्किएका थिए । उनले टोलीका लागि २७ रनको योगदान गरेका थिए । उनलाई सिंगापुरका बलर अक्षय पुरीले बोल्ड गरेका थिए । त्यसपछि कुशल भुर्तेल र कप्तान रोहित पौडेलले नेपालको पाली समालेका थिए । उनीहरूले उत्कृष्ट साझेदारी गर्दै टोलीको स्कोरलाई एक सय ४१ रनसम्म पुऱ्याएका थिए । कप्तान रोहितले टोलीका लागि ३५ रनको योगदान गरे ।

आक्रामक रूपमा प्रस्तुत भएका रोहितले २४ बलको सामना गरी दुई छक्का र दुई चौका पनि हिर्काए । कुशल मल्लले पनि अविजित ६ रन बनाए । उनले एक बलमा एक छक्का प्रहार गरे । नेपालले अतिरिक्त रूपमा पाँच रन पायो । नेपालले आफ्नो दोस्रो खेल (आज) मंगलबार मलेसियासँग खेल्नेछ ।

त्यसअघि सिंगापुरले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर एक सय ४५ रन बनाएको थियो । सिंगापुरका लागि ओपनर ब्याट्सम्यान रोहन रंगराजनले सर्वाधिक ४५ रनको योगदान गरेका थिए । पाँचौं नम्बरका ब्याट्सम्यान मनप्रित सिंहले पनि २४ रनको योगदान गरे । आर्यवीर चौधरीले टोलीको खातामा ३७ रन थपे । सिंगापुरका अक्षय पुरी १३ र कालिमुथु रमेश एक रनमा अविजित रहे ।

नेपाली टोलीका बलर अविनाष बोहराले तीन विकेट लिए । करण केसी, सन्दीप लामिछाने र गुल्सन झाले पनि दुई–दुई विकेट हात पारे । सन्दीपले चार ओभरमा १८ र करणले चार ओभरमा ३६ रन खर्चिए । गुल्सनले चार ओभरमा २१ रन खर्चिए । एसियाली क्षेत्रको अन्तिम चरणको छनोट प्रतियोगिताको फाइनलमा पुग्ने दुईवटा टोलीले सन् २०२४ मा आयोजना हुने टी–२० विश्वकपमा स्थान बनाउने छन् । टी–२० विश्वकपको नवौं संस्करण अमेरिका र वेस्ट इन्डिजमा संयुक्त रूपमा आयोजना हुँदैछ ।

एसियाली क्षेत्रको अन्तिम चरणको छनोट प्रतियोगितामा विभिन्न आठ राष्ट्रको सहभागिता रहेको छ । प्रतियोगितामा नेपालसहित संयुक्त अरब इमिरेट्स (यूएई), हंकङ, ओमान, बहराइन, कुवेत, मलेसिया र सिंगापुरले प्रतिस्पर्धा गर्दैछन् । प्रतियोगिताको समूह 'ए' मा आयोजक राष्ट्र नेपाल, मलेसिया, ओमान र सिंगापुर रहेका छन् । समूह 'बी' मा भने बहराइन, हंकङ, कुवेत र यूएई रहेका छन् । प्रारम्भिक चरणमा आफ्नो समूहमा रहेका चारवटै टोलीले एकअर्कासँग एक–एक खेल खेल्नेछन् ।

त्यसपछि दुवै समूहबाट तालिकाको पहिलो र दोस्रो स्थानमा रहने टोली प्रतियोगिताको सेमिफाइन चरणमा प्रवेश गर्नेछन् । प्रतियोगिताको सेमिफाइनलमा समूह 'ए' को विजेताले समूह 'बी' को उपविजेतासँग तथा समूह 'बी' को विजेताले समूह 'ए' को उपविजेतासँग प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिताको दुवै सेमिफाइनल खेल कात्तिक १७ गते खेलिने छ । सेमिफाइनल खेलमा सफलता हात पार्दै फाइनलमा पुग्ने दुवै टोली सन् २०२४ मा आयोजना हुने टी–२० विश्वकपका लागि छनोट हुनेछन् । प्रतियोगिताको फाइनल खेल कात्तिक १९ गते कीर्तिपुर क्रिकेट मैदानमा खेलाइने छ ।

### मलेसियाविरुद्ध ओमान विजयी

टी–२० विश्वकप छनोट प्रतियोगिताको पहिलो दिन सोमबार सम्पन्न तेस्रो खेलमा ओमानले मलेसियालाई ३२ रनले हराएको छ । समूह 'ए' अन्तर्गत कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा ओमानले टस जिती पहिले ब्याटिङ गर्दै ६ विकेट गुमाएर एक सय ५३ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको मलेसियाले भने निर्धारित ओभरमा आठ विकेट गुमाएर एक सय २१ रनमात्र बनाउन सक्यो ।

### हङकङद्वारा कुवेत पराजित

त्यस्तै अर्को खेलमा हंकङले कुवेतलाई १६ रनले पराजित गरेको छ । समूह 'बी' अन्तर्गत मुलपानी क्रिकेट मैदानमा टस हारी पहिले ब्याटिङको निम्तो पाएको हंकङले निर्धारित ओभरमा ६ विकेट गुमाएर एक सय ६६ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको कुवेतले भने निर्धारित ओभरमा आठ विकेट गुमाएर एक सय ५० रनमात्र बनाउन सक्यो ।

### बहराइनविरुद्ध युएई विजयी



सन् २०२४ मा आयोजना हुने टी–२० विश्वकप क्रिकेट प्रतियोगिताको एसियाली क्षेत्रको अन्तिम चरणको छनोट खेलमा सोमबार संयुक्त अरब इमिरेट्स (यूएई) ले बहराइनलाई पाँच विकेटले हराएको छ । काठमाडौंको मुलपानी क्रिकेट मैदानमा टस हारी पहिले ब्याटिङको निम्तो पाएको बहराइनले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर एक सय ३५ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको यूएईले भने १८.२ ओभरमा पाँच विकेट गुमाएर एक सय ३७ रन बनाउँदै विजयलक्ष्य पार गरेको थियो ।

## कोहलपुर गोल्डकप भोलिदेखि




**बाँके (प्रस)–** लुम्बिनी प्रदेशको बाँकेमा 'मुख्यमन्त्री कोहलपुर गोल्डकप खेलकुद प्रतियोगिता–२०८०' कार्त्तिक १५ गतेदेखि सुरु हुने भएको छ ।

कोहलपुर नगरपालिका २ स्थित तेह्र विगाह मैदानमा हुने प्रतियोगिता कार्तिक २२ गतेसम्म चल्ने कोहलपुर रेसिङ्ग साहारा क्लबका अध्यक्ष चक्र क्षेत्रीले जानकारी दिए। प्रतियोगितामा अफ्रिकन देश क्यामरुनको एभिनियर एफ.सी सहित नेपालका ७ ए डिभिजनका क्लबहरूको सहभागिता रहनेछ ।

खेलमा चर्च व्वाईज यूनाईटेड काठमाण्डौं, गोर्खा व्वाईज स्पोर्टस क्लब बुटवल, सुदूरपश्चिम ११, स्पोर्ट्स क्लब धनगढी, त्रिभुवन आर्मी फुटबल क्लब काठमाण्डौं, कोहलपुर रेसिङ्ग साहारा क्लब कोहलपुर, बी,एफ.सी चितवन क्लब चितवन, एभिनियर एफ.सी क्यामरुन र दुधौली स्पोर्ट्स क्लब सिन्धुली गरी आठ टिम सहभागि हुने छन् ।

प्रतियोगितामा प्रथम हुने टोलीले ८ लाख रुपियाँ र दोस्रो हुनेलाई ४ लाख रुपियाँ नगद सहित ट्रफि पाउने छ । 'मुख्यमन्त्री कोहलपुर गोल्डकप खेलकुद प्रतियोगिता–२०८० सञ्चालन तथा व्यवस्थापनका लागि करिब ८० लाख रुपियाँ खर्च हुने अनुमान गरिएको क्लबका कोषाअध्यक्ष काशिराम अधिकारीले बताए ।

## सैनामैनामा मंसिर १२ देखि जिल्लास्तरीय भलिबल

■ प्रभाव संवाददाता

**बुटवल–** रूपन्देहीको सैनामैनामा एक लाख बढी पुरस्कार राशीको अन्तर जिल्लास्तरीय भलिबल प्रतियोगिता हुने भएको छ । दुधराक्ष युवा क्लबको आयोजनामा मंसिर १२ देखि १६ गतेसम्म सैनामैनाको रामापुर कलौनीमा हुने प्रतियोगितामा लुम्बिनी र अन्य प्रदेशका जिल्लाबाट समेत गरी १२ टिम सहभागी हुने आयोजकले सोमबार पत्रकार सम्मेलन गरी जानकारी गराएका छन् ।




प्रतियोगिताको उपाधि विजेताले नगद १ लाख ११ हजार १११, उपविजेताले ७७ हजार ७७७ रूपैयाँ, तेस्रो हुनेले ४४ हजार ४४४ रूपैयाँ, चौथो हुनेले २२ हजार २२२ रूपैयाँ पुरस्कार पाउने आयोजक क्लबका अध्यक्ष किरण पोखरेलले जानकारी दिए । त्यस्तै विभिन्न विधामा उत्कृष्ट खेलाडीले ७ हजार ७७७ रूपैयाँ तथा सर्वोत्कृष्ट खेलाडीले १५ हजार ५५५ रूपैयाँ पुरस्कृत पाउनेछन् । सैनामैना नगरपालिका, लुम्बिनी प्रदेश खेलकुद परिषद लुम्बिनी, रूपन्देही भलिबल संघ रूपन्देही, सैनामैना नगर खेलकुद समितिको सहयोगमा गर्न लागिएकव प्रतियोगिताका लागि १६ लाख रूपैयाँ खर्च हुने खेल संयोजक विष्णुप्रसाद पाण्डेले बताए । सैनामैना नगरपालिका वडा नं ७ का वडाअध्यक्ष राजकुमार चौधरीले आफ्नो हजुरआमा ढुण्डी थरुनीको स्मृतिमा यो प्रतियोगितालाई २ लाख रूपैयाँ सहयोग गर्ने घोषणा गरेका छन् ।

# गाजामा सहयोग रोक्नु 'अपराध' हुन सक्छ : आइसिसी

**कायरो–** अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)का प्रमुख अभियोजकले गाजामा मानवीय सहयोग रोक्नु मानवीय अपराध हुनसक्ने आइतबार चेतावनी दिएका छन् ।

'जेनेभा महासन्धिले प्रदान गरेको राहत आपूर्तिमा अवरोध उत्पन्न गर्नु अदालतको क्षेत्राधिकारभित्र अपराध हुनसक्छ,' कायरोमा पत्रकारहरूसँग करिम खानले भने । उनले इजिप्टको रफाह क्रसिङको भ्रमण गरेपछि सो कुरा बताएका हुन् । उनले अत्यावश्यकीय सामग्रीले भरिएका ट्रकहरू रफाह क्रसिङमा रोकिएको र गाजामा प्रवेश नपाएको बताए ।

'मैले मानवीय सहयोगसहित भरिएका ट्रकहरू त्यहाँ रोकिएको देखें जहाँ कसैलाई त्यो सहयोग आवश्यक थिएन, इजिप्टमा रोकिएको थियो, रफाहमा रोकिएको थियो,' उनले भने, 'यी आपूर्ति गाजाका नागरिकहरूलाई कुनै ढिलाइ नगरी उपलब्ध गराउनुपर्छ ।'

हाल हमास नियन्त्रित प्यालेस्टिनी क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोग प्रवेश गराउने रफाह एउटा मात्र प्रवेश बिन्दु हो । हमास नियन्त्रित उक्त क्षेत्रले पूर्ण घेराबन्दी र इजरायली बमबारीको सामना गरिरहेको छ ।

इजरायली अधिकारीहरूका अनुसार अक्टोबर ७ मा हमासका बन्दुकधारीहरूले सीमा पार गरेर गरेको हमलापछि इजरायलले गाजालाई घेराबन्दी गरेको छ र ठूलो मात्रामा बमबारी सुरु गरेको छ । हमासले गरेको हमलामा अधिकांश सर्वसाधारणसहित एक हजार ४०० जना मारिएका थिए भने हमासले २३० नागरिकलाई बन्धक बनाएको थियो ।

इजरायलले गरेको जवाफी हमलामा अहिलेसम्म आठ हजारभन्दा बढी मानिस मारिएको र तीमध्ये आधाजति बालबालिका रहेको हमास-नियन्त्रित स्वास्थ्य मन्त्रालयले बताएको छ ।

अक्टोबर २१ मा रफाह क्रसिङमार्फत सीमित सहयोग सामग्री वितरण सुरु भएको थियो र अहिलेसम्म ११७ ट्रक रफाह क्रसिङबाट गाजा प्रवेश गरेका छन् । घेराबन्दी हुनुभन्दा पहिला सहयोग सामग्री र अन्य सामग्री लिएर करिब ५०० ट्रक प्रत्येक दिन गाजामा प्रवेश गर्थे ।

गाजामा सर्वसाधारणलाई आधारभूत खाद्यान्न र औषधि सुनिश्चित गर्नका लागि इजरायलले विनाकुनै ढिलाइ ठोस प्रयास गर्नुपर्ने आफूले इजरायललाई स्पष्टरूपमा भन्न चाहेको खानले बताए । आइतबार संयुक्त राष्ट्रसंघले प्यालेस्टिनी शरणार्थीका लागि उसको एजेन्सी युएनआरडब्ल्युएले गाजामा सञ्चालन गरेको खाद्यान्न सहायता केन्द्रहरूमा लुटपाट भएपछि सार्वजनिक व्यवस्था बिग्रन सक्ने चेतावनी दिएको थियो ।

राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले मृतकहरूको संख्या बढ्दै गएको र आवश्यक खाद्यान्न, पानी, औषधि र आश्रयको आपूर्ति कम हुँदै गएकाले गाजा क्षेत्रको अवस्था प्रत्येक घन्टा भयावह हुँदै गएको बताए । इजरायलीले प्यालेस्टिनी क्षेत्र वा प्यालेस्टिनीले इजरायली क्षेत्रमा गरेको जुनसुकै अपराधको पनि आफ्नो कार्यालयमा अनुसन्धान भइरहेको खानले बताए । 'यसमा गाजा र पश्चिम किनारमा भएका हालका घटना सामेल छन्,' उनले भने, 'सन् १९६७ देखि इजरायलले कब्जामा लिएको क्षेत्रमा प्यालेस्टिनी नागरिकहरूविरुद्ध त्यहाँ बस्नेहरूले आक्रमण गरेका घटनाको संख्या बढ्दै गएको रिपोर्टले म अत्यन्त चिन्तित छु ।'

खानले बन्धक बनाउनु जेनेभा महासन्धिको उल्लंघन भएकोमा पनि जोड दिए । 'हमासले इजरायलबाट बन्धक बनाएका सबैलाई तत्काल रिहा गर्न र परिवारसँग उनीहरूको सुरक्षित फिर्तीका लागि आग्रह गर्दछु,' उनले भने, 'हमाससँगको युद्धमा इजरायलको नैतिक दायित्व मात्र नभएर युद्धका कानुनहरूको पालना गर्ने पनि दायित्व छ, यो नियम इजरायलमा अन्धाधुन्ध रकेट हमला गर्ने हमासमा पनि समानरूपमा लागू हुन्छ ।'

*रासस/एएफपी*

# ब्राजिलमा विमान दुर्घटनामा १२ को मृत्यु

**ब्रासिलिया–** उत्तरपश्चिमी ब्राजिलको एकर राज्यमा एउटा सानो विमान दुर्घटना हुँदा एक शिशुसहित १२ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

विमान सिंगल इञ्जिन ससेन क्याराभान रहेको र रियो ब्रांकोको विमानस्थल नजिकै दुर्घटना भएको एकर राज्य सरकारले आइतबार बताएको छ । दुर्घटनामा विमान चालक र सहचालकसहित नौ वयस्क र एक शिशुसहित सबै १० यात्रुको दुःखद निधन भएको हो । अल जजिराका अनुसार मर्ने यात्रुहरूको राष्ट्रियता पत्ता लागेको छैन ।

यसैबीच अधिकारीहरूले दुर्घटनाको अनुसन्धान गरिने घोषणा गरेका छन् । स्थानीय कम्पनी एआरटी ट्याक्सी एरेओले सञ्चालन गरेको उक्त विमान छिमेकी अमेजनस राज्यको एनविरा सहरतर्फ गइरहेको थियो ।

अल जजिराका अनुसार विमानमा आगो निस्कियो तथा पेरु र बोलिभियासँगको ब्राजिलको सीमा नजिक दुर्गम क्षेत्रमा जंगलमा आगो लाग्यो ।

दुई महिनाभन्दा पनि कम समयमा यो दोस्रो दुर्घटना हो । सेप्टेम्बर महिनामा अमेजनस राज्यमा एउटा सानो विमान दुर्घटना हुँदा १४ जनाको ज्यान गएको थियो ।

*रासस/एएनआई*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOON LIGHT CONTRACTING & CLEANING WLL

पूर्व स्वीकृति मिति : २०८०/०३/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०७/१३ | LT. No. 289023 | चलानी नं. ६०२०४३८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Representative | 1 | 0 | 2200 | ७९,४६० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 2 | 0 | 1100 | ३९,७३० | | | | | | | |
| 3 | Foreman | 2 | 0 | 2500 | ९०,२९५ | | | | | | | |
| 4 | Supervisor | 1 | 0 | 2500 | ९०,२९५ | | | | | | | |
| 5 | Gen. Clean Worker | 4 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 6 | Washing Worker | 8 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Carpenter | 2 | 0 | 1100 | ३९,७३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २१ गते (7th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**

पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PG BYRAM FARMING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१३ | LT. No. 276402 | चलानी नं. ६०१९३८९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 10 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २१ गते (7th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Gandaki Gurkhas Pvt. Ltd.** (श्रम ईजाजत नं. ६३०/०६३/०६४)

New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MONASTIC CLEANING & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०३/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१३ | LT. No. 288633 | चलानी नं. ६०२०३९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUSINESS EXECUTIVE | 6 | 0 | 4000 | १२३२०३ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 9 | 0 | 2700 | ९६६६२ | | | | | | | |
| 3 | Foreman | 15 | 0 | 2500 | ८९५०२ | | | | | | | |
| 4 | GENERAL CLEAN WORKER | 17 | 10 | 1000 | ३५८०० | | | | | | | |
| 5 | Helper | 10 | 0 | 1000 | ३५८०० | | | | | | | |
| 6 | MANAGER VARIETY | 1 | 0 | 6000 | २१४८०४ | | | | | | | |
| 7 | Sales Supervisor | 1 | 0 | 3000 | १०७४०२ | | | | | | | |
| 8 | SUPERVISIOR | 8 | 2 | 2500 | ८९५०२ | | | | | | | |

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL

पूर्व स्वीकृति मिति २०८०/०४/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१३ | LT. No. 289954 | चलानी नं. ६०२०५२५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Director | 0 | 1 | 6000 | २१६,०५० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 3 | Cashier | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 4 | Electrician | 3 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 5 | Foreman | 1 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 6 | General Clean Worker | 15 | 24 | 1000 | २६,३१० | | | | | | | |
| 7 | Helper | 1 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 8 | Labour | 10 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 9 | Manager Variety | 1 | 0 | 6000 | २१६,०५० | | | | | | | |
| 10 | Mason | 4 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 11 | Painter | 2 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 12 | Plaster Worker | 5 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 13 | Plumber | 1 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 14 | Receptionist | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 15 | Salesman | 1 | 0 | 1700 | ६१,२१५ | | | | | | | |
| 16 | Supervisior | 11 | 1 | 2500 | ९०,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २१ गते (7th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
Mobile No. 9849007152, 9842695111, E-mail: jalajalarecru2017@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QIBLA TOWERS COMPANY FOR DELIVERY OF CONSUMER ORDERS

पुर्व स्वीकृति मिति:२०८०/०६/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१३ | LT. No. 292762 | चलानी नं. ६०२०७८८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REPORTER | 10 | 0 | 140 | ६०,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २१ गते (7th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८६१/०६६/०६७

**G.R. Manpower Service Pvt. Ltd.**

Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YUANDA QATAR ALUMINIUM INDUSTRY ENGINEERING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०५/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१३ | LT No. 291851 | चलानी नं. ६०२०७०७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 1500 | ५४,६७५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Glass Install Worker | 15 | 0 | 1300 | ४७,३८५ | | | | | | | |
| 3 | Glass Technician | 10 | 0 | 1300 | ४७,३८५ | | | | | | | |
| 4 | Labour | 15 | 0 | 1000 | ३६,४५० | | | | | | | |
| 5 | Welder | 6 | 0 | 1300 | ४७,३८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २१ गते (7th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Career Development Human Resource Pvt. Ltd.**

श्रम ईजाजत नं. १२३०/०७४/०७५

Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DIAMOND SHINE CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति २०८०/०३/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१३ | LT No : 288141 | चलानी नं ६०२०३६००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Customer Service | 0 | 5 | 1200 | ४७,५१५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 0 | 2 | 1000 | ३६,५५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २१ गते (7th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५०० कामदार आफैले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८३४/०६६/०६७

**CHANDANI MANAGEMENT SERVICES PVT. LTD.**

Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com



## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SIM PASITOUR SRL

पूर्व स्वीकृति मिति २०७९/०३/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०७/१३ | LT. No. 266305 | चलानी नं. ६०१८२५६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/housemaid | 10 | 5 | 550 | ७२,९७० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 30 | 0 | 600 | ७९,६०५ | | | | | | | |
| 3 | Cook | 5 | 0 | 650 | ८६,२३५ | | | | | | | |
| 4 | Cook Helper | 10 | 5 | 550 | ७२,९७० | | | | | | | |
| 5 | General Worker | 30 | 5 | 550 | ७२,९७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २१ देखि मंसिर ५ गते (7-21 Nov. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ७०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1373/074/75

**Al Asar International Pvt.Ltd.**

Panchakumari Marg -09,Kathmandu, Nepal, Phone no +97714594144, +9774594145, Mob No.: 9801305656 , 9801836652, 9801233962
Email - alasarintlpvtltd@gmail.com, manishbaral44@gmail.com,Web- alasarinternational.com.np



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार-सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी-बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| प्रति तोला - | ११६५०० | ११५९५० | १४१० |



**धान भित्र्याउन व्यस्त किसान** | काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिकाको रानीपानी आसपासका खेतमा धान काट्न व्यस्त किसान। दसैं पर्व सकिएर तिहार पर्व नजिकिँदै गर्दा यहाँका किसानलाई भने धानबाली भित्र्याउन चटारो परेको छ।

*तस्बिर: पेमा लामा/रासस*

# खर्चको तुलनामा ऋण भुक्तानी तीनगुणा बढी

■ प्रभाव संवाददाता

**काठमाडौं-** चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो तीन महिनामा सरकारले गरेको पुँजीगत खर्चको तुलनामा सोही अवधिमा भएको सार्वजनिक ऋणको साँवाब्याज भुक्तानी दायित्व करिब तीनगुणा बढी देखिएको छ। सरकारी ऋण बर्सेनि बढ्दै गएसँगै त्यसको साँवा र ब्याज भुक्तानीका लागि हुने खर्च पनि बढ्दै गएको हो।

महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार कात्तिक १२ गतेसम्ममा सरकारले रू २५ अर्ब ७८ करोड ९० लाख बराबर पुँजीगत खर्च गरेको छ। त्यस्तै गत असोज मसान्तसम्ममा सरकारी ऋणको साँवाब्याज तिर्न रू ६७ अर्ब ७० करोड ७१ लाख खर्च भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांकबाट देखिन्छ। यो अवधिमा भएको कुल पुँजीगत खर्चको तुलनामा सरकारी ऋणको साँवाब्याज तिर्न भएको खर्च करिब तीनगुणाले बढी हो।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले प्रकाशित गरेको असोज मसान्तसम्मको सरकारी ऋणको विवरणअनुसार यो अवधिसम्ममा आन्तरिक ऋणको साँवा रू ४२ अर्ब ८४ करोड १७ लाख र ब्याज रू १३ अर्ब ७१ करोड ५० लाख ब्याज गरी कूल रू ५६ अर्ब ५५ लाख ६७ लाख बराबर भुक्तानी भएको छ।

त्यस्तै, बाह्य ऋणको रू आठ अर्ब ७० करोड ३६ लाख साँवा र रू दुई अर्ब ४४ करोड ६८ लाख ब्याज गरी कूल रू ११ अर्ब १५ करोड चार लाख बराबर भुक्तानी भएको छ। त्यस्तै चालु आर्थिक वर्षको तीन महिना अवधिमा नेपालले रू ९७ अर्ब ३१ करोड बराबर आन्तरिक र रू नौ अर्ब ४७ करोड ८० लाख बाह्य गरी कूल रू एक खर्ब छ अर्ब ७८ करोड ८० लाख बराबर ऋण लिएको छ। योसँगै नेपालको कूल सार्वजनिक ऋण रू २३ खर्ब ५४ अर्ब ५९ करोड ५१ लाख पुगेको कार्यालयले जनाएको छ। गत असोज मसान्तसम्ममा नेपालले रू ११ खर्ब ८३ अर्ब ५७ करोड २१ लाख आन्तरिक र रू ११ खर्ब ७१ अर्ब दुई करोड ३१ लाख बाह्य ऋण तिर्न बाँकी देखिएको हो।

अर्कोतर्फ सरकारको घाटा बजेटको आँकडा पनि बढ्दै गएको छ। हालसम्म कूल तीन खर्ब तीन अर्ब ६५ करोड ३७ लाख बराबर बजेट खर्च हुँदा राजस्व संकलन भने रू दुई खर्ब ४८ अर्ब २८ करोड ५० लाख बराबर देखिएको छ। अर्थात् हालसम्म सरकारको आम्दानीको तुलनामा खर्च रू ५५ अर्ब ६७ करोड बढी छ।

# नेपाललाई लगानीको गन्तव्य बनाउन आवश्यक : पूर्वअर्थमन्त्री आचार्य

**चितवन (प्रस)-** पूर्वअर्थमन्त्री महेश आचार्यले देशको अर्थतन्त्रमा सुधार ल्याउन अभियानाका रूपमा आर्थिक सुधार गर्नुपर्नेमा जोड दिएका छन्। सोमबार पत्रकारहरूसँगको कुराकानीमा आचार्यले अहिले देखिएको समस्या समाधानका लागि उद्योगी व्यवसायीलाई आत्मविश्वास हुनेगरी जागरुक गराउने खालको अभियान सञ्चालन गर्नुपर्ने बताएका हुन्।



'जुन अभियानले लगानीका गन्तव्य नेपाल बनोस्। देशभित्रका उद्यमी र अन्तर्राष्ट्रिय लगानीकर्तालाई पनि नेपालमा लगानी गर्न सजिलो बनाउने गरी सरकारले नीति निर्माण गरोस्,' पूर्वअर्थमन्त्री आचार्यले भने, 'लगानीकर्तालाई लगानीका लागि हिन्दूस्तान, चीन, बङ्गलादेश र श्रीलंका जानुभन्दा नेपालमा सजिलो छ भन्ने वातावरण बनाइ लगानीको गन्तव्य बनाउन सिङ्गो देश लाग्नुपर्छ।' राजनीतिक स्थिरतासँगै जिम्मेवार सरकारले यसमा ध्यान दिनुपर्नेमा जोड दिँदै उनले भने, 'मुलुकमा लगानी बढाउन र समुदायको आयआर्जनलाई फराकिलो बनाउन आवश्यक छ। जसले अर्थतन्त्रलाई चलायमान बनाउँछ।'

निर्यात साँघुरो बन्दै गएको, आयातमा निर्भरता बढ्दै गएको र राजस्व परिचालन अपेक्षाअनुसार हुन नसक्दा खर्चको संरचना नियन्त्रण बाहिर जान खोजेजस्तो देखिएको उनको भनाइ थियो। चालु खर्च बढ्ने र विकास खर्च गर्न नसक्ने हुँदा असन्तुलन बढेको उनले बताए।

# विद्युत् महशुल नबुझाउने ग्राहक कालोसूचीमा

■ प्रभाव संवाददाता

**चितवन-** नेपाल विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रले दुई सय ६७ ग्राहकलाई कालोसूचीमा राखेको छ। छ महिनासम्म पनि बक्यौता रकम नबुझाउने ग्राहकलाई केन्द्रले कालोसूचीमा राखेको हो। कालोसूचीमा परेका ग्राहकबाट रु ७३ लाख तीन हजार बक्यौता उठाउन बाँकी रहेको छ। कार्यालयका इञ्जिनीयर राजेन्द्र पौडेलका अनुसार घरायसी बिजुली उपभोग गर्ने दुई सय १४ ग्राहक कालोसूचीमा परेका छन्।

यस्तै ३९ वटा उद्योग, छ वटा संस्थागत, तीन वटा पानी उद्योगलाई पनि कालो सूचीमा राखिएको छ। लामो समयसम्म बक्यौता रकम नतिर्ने ग्राकलाई कालोसूचीमा राख्ने र दुई महिनासम्म महसुल नबुझाउने ग्राहकको लाईन काट्ने काम सुरु गरिएको उनले बताए।

दुई महिनासम्म विद्युत् महसुल नबुझाउने ग्राहकको लाइनकाट्ने काम आइतबारदेखि सुरु गरिएकामा पहिलो दिन विद्युत् महसुल धेरै बाँकी रहेका दस ग्राहकको लाईन काटिएको छ।

लाइन काटेसँगै कतिपयले रकमसमेत भुक्तानी गरिसकेका छन्। प्राधिकरणका कर्मचारीले विद्युत् मिटरबक्स रिडिङ गरेको दुई महिनासम्म महसुल नबुझाउने ग्राहकको लाइन काट्न थालेको हो। इञ्जिनीयर पौडेलले थपे, 'सुरुवातमा विद्युत् महसुल धेरै भएका ग्राहकको लाइन काटिने छ। कम्तीमा रु दसहजारसम्म तिर्न बाँकी रहेका ग्राहकको लाईन काट्ने गरी काम अघि बढाएका छौं।'

दुई महिना नाघेका ग्राहकबाट मात्रै रु ३५ करोड ४१ लाख ५३ हजार शुल्क उठ्न बाँकी रहेको उनले जानकारी दिए। दुई वर्षभन्दा माथिको रु दस करोड ५६ लाख ४४ हजार बक्यौता रकम उठाउन बाँकी रहेको छ।

कार्यालयले चालु आर्थिक वर्षसम्म रु ४३ करोड ५५ लाख ७८ हजार विद्युत् महसुल उठाउन बाँकी रहेको इञ्जिनीयर पौडेलले बताए। दुई महिनादेखि छ महिनासम्म महसुल नतिर्ने ग्राहकबाट रु चार करोड ९८ लाख २० हजार, छ महिनादेखि १२ महिनासम्मको महसुल नतिर्ने ग्राहकबाट रु दुई करोड आठ लाख २८ हजार, एक वर्षदेखि दुई वर्षसम्मको महसुल नबुझाउने ग्राहकबाट रु तीन करोड २९ लाख ५८ हजार उठ्न बाँकी रहेको छ।

# नेप्से परिसूचकमा सामान्य सुधार

■ प्रभाव संवाददाता

**काठमाडौं-** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ। सोमबार नेप्से परिसूचक तीन दशमलव ०४ अंकले बढेर एक हजार आठ सय ७८ दशमलव ७० अंकमा कायम भएको छ।

दुई सय ८७ कम्पनीको २८ लाख २४ हजार सात कित्ता सेयर ३० हजार दुई सय ३७ पटक खरिद बिक्री हुँदा रू ६९ करोड ४२ लाख २२ हजार दुई सय १७ बराबरको कारोबार भएको छ।

होटल तथा पर्यटन समूह शून्य दशमलव ४२, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ८० र म्युचुअल फन्ड शून्य दशमलव ४६ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ।सबैभन्दा धेरै निर्जीवन बीमा समूह शून्य दशमलव ८६ र व्यापार समूह शून्य दशमलव ८१ प्रतिशतले बढेको छ।

सबैभन्दा धेरै पञ्चकन्या माइ हाइड्रोपावर लिमिटेडको सेयर मूल्य सात दशमलव ८२ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा धेरै साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको रू तीन करोड ६० लाख ७४ हजार सात सय ४० बराबरको सेयर किनबेच भएको छ। कारोबार भएका सेयर संख्याका आधारमा भने सिद्धार्थ बैंक लिमिटेड प्रमोटर सेयर दुई लाख कित्ता किनबेच भएको छ।

# दसैं बिदामा २० हजारभन्दा बढीले घुमे निकुञ्ज

■ प्रभाव संवाददाता

**चितवन-** दसैंको बिदामा २० हजारभन्दा बढी पर्यटकले चितवन राष्ट्रिय निकुञ्ज घुमेका छन्। असोज २८ गते घटस्थापनाका दिनदेखि कात्तिक ११ गते पूर्णिमाको दिनसम्म २० हजार ६० जनाले निकुञ्ज घुमेका हुन्। जसमध्ये नेपाली १३ हजार दुई सय ३३ छन्।

उनीहरूले विभिन्न प्रवेशद्धारबाट भ्रमणका लागि निकुञ्ज प्रवेश गरेका हुन्। भ्रमणमा आएकामध्ये विदेशी छ हजार ४८ र सार्क देशका सात सय ७९ जनाले भ्रमण गरेको निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले जानकारी दिए। उनका अनुसार सोही समयमा सात सय ३७ पटक जीप सफारी भएको छ।

उनका अनुसार घुम्न आउनेमध्ये सबैभन्दा धेरै सौराहा क्षेत्रबाट निकुञ्ज प्रवेश गरेका हुन्। सौराहा क्षेत्रबाट नेपाली १२ हजार पाँच सय ५८, विदेशी चार हजार पाँच सय ४३, सार्क मुलुकका पाँच सय ६३ जनाले भ्रमण गरेका हुन्। यस क्षेत्रबाट चार सय चार पटक जीप सफारी भएको छ। यस्तै कसरा क्षेत्रबाट नेपाली ३०८ जना, विदेशी ७६६ जना, सार्क मुलुकका १०४ जना र जीप सफारी १६४ पटक, मेघौली क्षेत्रबाट २७७ जना नेपाली, ५०५ जना बिदेशी र सार्कका १०९ जना र १११ पटक



जीप सफारी गरिएको छ। दसैंको समयमा माडी क्षेत्रबाट १३ जना नेपाली, १९ जना बिदेशी, सार्क राष्ट्रका तीन जना र जीप सफारी चार पटक, अमलटारी क्षेत्रबाट ५३ जना नेपाली २१३ जना बिदेशी र १६ पटक जीप सफारी गरिएको उनले बताए। उनका अनुसार कुजौली क्षेत्रबाट २४ जना नेपाली, २ जना विदेशी एबं दुई पटक जीप सफारी गरिएको छ।

दसैंको समयमा निकुञ्ज भ्रमण गर्नेहरूबाट रु एक करोड ८५ लाख ४४ हजार नौ सय ५० राजस्व संकलन भएको छ। तिवारीका अनुसार गत वर्षको तुलनामा यस वर्ष निकुञ्ज भ्रमण गर्नेको संख्यामा वृद्धि भएको छ। कोरोनाका कारण घटेको पर्यटक विस्तारै बढ्न थालेको उनले बताए। उनले भने, 'गत वर्षहरूको तुलनामा नेपालीसँगै विदेशी पर्यटक बढेको छ।'

सौराहामा विदेशी पर्यटकको संख्या एक्कासी बढेको छ। दैनिक एक हजार पाँचभन्दा बढी विदेशी पर्यटक सौराहा आएको क्षेत्रीय होटल सङ्घका अध्यक्ष गङ्गा गिरीले बताइन्। कोरोनापछि सबैभन्दा बढी विदेशी पर्यटक अहिले आएका हुन्। अहिले आएका पर्यटकमध्ये तेस्रो मुलुकका ४० प्रतिशत, चिनियाँ ३० प्रतिशत, भारतीय २० प्रतिशत र स्वदेशी १० प्रतिशत रहेका छन्। उनको भनाइअनुसार अहिले ९० देखि ९५ प्रतिशत कोठा बुकिङ भएका छन्। आउँदो डिसेम्बर सम्म ७५ हजारले बुकिङ गरिसकेको उनले जानकारी दिइन्। दसैंको बिदा सकिएसँगै स्वदेशी पर्यटक घटेका हुन् भने एकाएक विदेशी बढेका छन्।

विभिन्न देशबाट काठमाडौं आएका विदेशी पर्यटक सौराहा आएका छन्। पोखरा र लुम्बिनीलाई गन्तव्य बनाएका पर्यटक पनि सौराहा आउन थालेका हुन्। सौराहामा स्वदेशी तथा विदेशी पर्यटकको संख्या बढेपछि हात्ती, जीप र डुङ्गा सफारी चलायमान भएका छन्। दैनिक एक ट्रिप गर्न मुस्किल रहेको हात्ती सफारी अहिले तीन ट्रिपसम्म हुन थालेको युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दिपेन्द्र खतिवडाले जानकारी दिए। सौराहामा एक सय २५ होटल र ९५ रेस्टुरेण्ट रहेका छन्। मुलुकको तेस्रो पर्यटकीय गन्तव्य सौराहामा सात हजार पाँच सय पर्यटक राख्न सक्ने क्षमता रहेको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ